# कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन

झनकप्रसाद न्यौपाने
परीक्षा क्रमाङ्क : ४१३००५६/२०६८
त्रिवि दर्ता क्रमाङ्क : ९-२-४१३-१२४-२००६

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय,
नेपाली भाषा शिक्षाअन्तर्गत स्नातकोत्तर तह
दोस्रो वर्षको पाठ्यांश (नेपा. शि.५९८)
प्रयोजनका लागि प्रस्तुत

शोधपत्र

२०७१/2014

टीकापुर बहुमुखी क्याम्पस
नेपाली भाषा शिक्षा विभाग
टीकापुर, कैलाली

# मूल्याङ्कन समितिको स्वीकृति पत्र

त्रिभुवन विश्व विद्यालय शिक्षाशास्त्र सङ्काय अन्तर्गत टीकापुर बहुमुखी क्याम्पस टीकापुर, नेपाली भाषा शिक्षा विभागका शोधार्थी **झनकप्रसाद न्यौपाने**ले स्नातकोत्तर (एम.एड) तहमा नेपाली विषयको नेपाली शिक्षा ५९८ पाठ्यांशको प्रयोजनका लागि प्रस्तुत गर्नु भएको **कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन** शीर्षकको शोधपत्र सोही प्रयोजनका निमित्त उपयुक्त ठहरिएकाले स्नातकोत्तर उपाधिका लागि स्वीकृति प्रदान गरिएको छ ।

**मूल्याङ्कन समिति**

**हस्ताक्षर**

| | | |
|---|---|---|
| १. विषय समिति अध्यक्ष | उपप्रा. धनकृष्ण उपाध्याय | ......................... |
| २. बाह्य परीक्षक | डा. हर्कबहादुर शाही | .......................... |
| ३. शोध निर्देशक | सहप्रा.लयप्रसाद खतिवडा | .......................... |
| ४. विषय विशेषज्ञ | सहप्रा.तिलकदेव गिरी | .......................... |

# शोध निर्देशकको सिफारिस-पत्र

नेपाली भाषा शिक्षा विभाग टीकापुर बहुमुखी क्याम्पस टीकापुर, शिक्षा शास्त्र सङ्काय अन्तर्गत स्नातकोत्तर तह, दोस्रो वर्षको नेपाली भाषा विषयको नेपाली शिक्षा ५९८ पाठ्यांशको प्रयोजनका लागि प्रस्तुत **कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन** शीर्षकको शोधपत्र शोधार्थी **झनकप्रसाद न्यौपाने**ले मेरो निर्देशनमा तयार पार्नु भएको हो । यस शोधकार्यसँग म पूर्ण सन्तुष्ट छु । अतः यस शोधलाई आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मिति : २०७१/ /

...................................

सहप्रा. लयप्रसाद खतिवडा

शोध निर्देशक

# कृतज्ञता ज्ञापन

कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निम्बन्ध लेखन क्षमताको अध्ययन शीर्षकमा प्रस्तुत शोधपत्र मैले त्रिभुवन विश्वविद्यालय शिक्षाशात्र सङ्काय नेपाली भाषा शिक्षा विभागअन्र्तगत स्नातकोत्तर तह दोस्रो वर्षको नेपाली शिक्षा विषयको नेपा.शि.५९८ पाठ्यांशको प्रयोजनका लागि तयार पारेको हो । प्रस्तुत शोधपत्रको तयारीका सन्दर्भमा मैले विभिन्न विद्वानहरूबाट आवश्यक सहयोग पाएको छु । सर्वप्रथम शोधकार्यलाई आधिकारिक रुपमा अगाडि बढाउन शोधप्रस्तावलाई विभागीय स्वीकृति प्रदान गरी प्रस्तुत शीर्षकमा शोधपत्र लेख्ने सु-अवसर प्रदान गर्न नेपाली शिक्षा विभाग टीकापुर बहुमुखी क्याम्पसप्रति आभार प्रकट गर्दछु ।

एक अनुसन्धान गहन र जटिल कार्य हो । यसका लागि निर्देशित पदप्रर्दशकको अहम् भूमिका रहन्छ । प्रस्तुत शोधपत्र मैले आदरणीय गुरु सहप्रा. लयप्रसाद खतिवडाज्यूको निर्देशनमा तयार पारिएको हो । आफ्नो कार्य व्यस्तताका बिच पनि उहाँबाट प्राप्त सहयोग, सल्लाह, सुझाव तथा सारगर्भित निर्देशनका निमित्त म उहाँप्रति श्रद्धापूर्वक हार्दिक आभार प्रकट गर्दछु ।

शोधकार्यको सिलसिलामा अनुसन्धान अध्ययनको लागि शीर्षक चयनदेखि लिएर शोधप्रबन्धको रुपरेखा निर्माण , तथाङ्क सङ्कलन , व्याख्या विश्लेषण तथा परिष्कार परिमार्जन गरी अन्तिम रुपदिने कार्यसम्म समआदरणीय गुरुवर्ग , उपप्रा. धनकृष्ण उपाध्याय तथा सहप्रा. तिलकदेव गिरीज्यूबाट प्राप्त अनुसन्धानात्मक एवम् प्राज्ञिक परामर्शका साथै अन्य व्यावहारिक सन्दर्भहरूले यस शोधकार्यमा गहन भूमिका खेलेको छ । यसका लागि म उहाँप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छु । साथै उचित सल्लाह दिदैं सद्भाव राख्नुहुने सम्पूर्ण गुरु तथा नेपाली भाषा शिक्षा विभाागप्रति कृतज्ञ छु । जीवनका विभिन्न अप्ठ्याराहरूसँग सङ्घर्ष गर्दै शिक्षा श्रेत्रमा वर्तमान क्षणसम्म हार्दिक उत्प्रेरणा प्रदान गर्नुहुने स्वर्गीय पुज्यपिता जगनाथ न्यौपाने तथा माता धर्मादेवी न्यौपानेप्रति आजीवन ऋणी छु । अध्ययनका क्रममा मलाई विद्यालय तहबाट उत्प्रेरणा प्रदान गर्ने श्रद्धेय गुरु श्री ताराप्रसाद विनाडी तथा झवेन्द्र महत्ता प्रति हार्दिक आभार व्यक्त गर्दछु । अध्ययनसँग सम्बन्धित सान्दर्भिक पुस्तक तथा शोध प्रतिवेदनहरू उपलब्ध गराइ दिने त्रि.वि.पाठ्क्रम विकास केन्द्र र तथाङ्क सङ्कलन गर्न सहयोग गरिदिने विद्यालयहरू तथा क्याम्पसप्रति पनि हार्दिक आभार व्यक्त गर्दछु ।

अध्ययनसँग सम्बन्धित अनुसन्धान अध्ययनका लागि जनसङ्ख्या उपलब्ध गराई आवश्यक सहयोग पुऱ्याउने प्रतिनिधि विद्यालयका प्र.अ., विषय शिक्षक, विद्यालय परिवार तथा छात्र-छात्राहरूको साथै कम्प्युटर अपरेटर हरि फोटोकपी सेन्टरका हरि चौधरी समेतलाई पनि धन्यवाद दिन चाहन्छु । अन्त्यमा, शोधपत्रको समुचित मूल्याङ्कनका लागि शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभाग टीकापुर, कैलालीमा प्रस्तुत गर्दछु ।

शोधार्थी
झनकप्रसाद न्यौपाने
टीकापुर बहुमुखी क्याम्पस

# शोधसार

शीर्षक : कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन

शोधार्थी : झनकप्रसाद न्यौपाने

शोध निर्देशक : सहप्रा.लयप्रसाद खतिवडा

विभाग/क्याम्पस : नेपाली भाषा शिक्षा विभाग, टीकापुर बहुमुखी क्याम्पस टीकापुर, कैलाली

शैक्षिक सत्र : २०७०/०७१

पृष्ठ सङ्ख्याः १४+५१+१२

अध्याय : पाँच

प्रस्तुत शोधपत्र त्रिभुवन विश्व विद्यालय नेपाली भाषा शिक्षण विभाग अन्तर्गत स्नातकोत्तर (एम.एड.) दोस्रो वर्षको नेपा. शि.५९८ पाठ्यांशको प्रयोजनका लागि तयार पारिएको हो । यस शोधपत्रको शीर्षक **कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन** रहेको छ । प्रस्तुत अध्ययनमा विभिन्न सस्याहरू कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमता कस्तो छ, विद्यालय प्रकृतिका आधारमा सरकारी र निजी विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको तुलनात्मक स्थिति के कस्तो छ, भाषिक पृष्ठभूमिका आधारमा नेपाली पहिलो भाषी दोस्रो भाषी हुने विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको तुलनात्मक स्थिति के कस्तो छ, लैङ्गिकताका आधारमा कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखनसम्बन्धी के कस्ता कमजोरी रहेका छन् । साथै यस अध्ययनका उद्देश्यहरूमा कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमता पहिचान गर्नु, नेपाली पहिलो भाषी र दोस्रो भाषी विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु, लैङ्गिकताका आधारमा छात्र/छात्रा विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु, उक्त विद्यार्थीहरूको निबन्धमा हुने कमी कमजोरी पहिचान गर्नु जस्ता उद्देश्यलाई समेटिएको छ । यस अध्ययनका लागि कैलाली जिल्लाका चार वटा सरकारी र चार वटा निजी विद्यालयबाट कक्षा सातमा अध्ययनरत छात्र र छात्रा बराबर सङ्ख्यामा

प्रत्येक विद्यालयबाट १०/१० जना गरी जम्मा ८० जना विद्यार्थीहरूलाई जनसङ्ख्याको नमुना छनौटका रूपमा लिइएको छ । यस अध्ययनमा सम्पूर्ण विद्यार्थीहरूलाई स्वतन्त्र अभिव्यक्ति प्रस्तुतिका लागि जीवनमा खेलकुदको महत्त्व शीर्षकमा विद्यार्थीहरूलाई निबन्ध लेखन गराई उत्तर पुस्तिका सङ्कलन गरी परीक्षण गरिएको छ ।

उक्त शोध अध्ययन विद्यार्थीहरूको लेखाइ सिपअन्तर्गत पर्ने भएकोले उत्तर पुस्तिकालाई परिचय, विषयवस्तुको ज्ञान, मौलिकता र भाषिक शुद्धताका आधारमा रहेर उत्तर पुस्तिका जाँच गरिएको छ र विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको पहिचान गरिएको छ । यसरी निबन्ध लेखनबाट प्राप्त भएको (तथ्याङ्क) नतिजालाई तालिकीकरण तथा प्रतिशताङ्क निकाली व्याख्या तथा विश्लेषण गरिएको छ। प्रत्येक पक्षहरूलाई विभिन्न तालिका, रेखाचित्र र स्तम्भचित्रहरूमा देखाइएको छ । विद्यार्थीहरूलाई विद्यालयका प्रकृतिका आधारमा, लैङ्गिकताका आधारमा र भाषिक पृष्ठभूमिका आधारमा तुलना गर्ने काम गरिएको छ। यसरी प्रस्तुत अध्ययनलाई विभिन्न दृष्टिकोणबाट व्याख्या तथा विश्लेषण गरी निष्कर्षमा लैङ्गिक, भाषिक तथा विद्यालयको प्रकृतिका आधारमा विद्यार्थीहरूको निबन्ध लेखन क्षमता कमजोर रहेको निष्कर्ष निकालिएको छ । विद्यार्थीहरूलाई निबन्ध लेखन क्षमता विकास गराउनका लागि कक्षा स्तरीय, विद्यालय स्तरीय तथा अन्तर विद्यालय निबन्ध प्रतियोगिताहरू समय समयमा शिक्षकले गराउँदै जानु पर्ने तथा तल्लो तह देखि नै निबन्ध लेखन तथा लेखाइ सिप विकास गराउने, अन्य लेखाइसम्बन्धी क्रियाकलाप गराउनु पर्ने आदि जस्ता सुझाव प्रस्तुत गरिएको छ । यसरी विभिन्न भावी अनुसन्धानका शीर्षकहरू प्रस्तुत गरी शोध अध्ययन पुरा गरिएको छ ।

# विषय सूची


| | |
|---|---|
| मूल्याङ्कन समितिको स्वीकृति-पत्र | क |
| शोध निर्देशकको सिफारिस-पत्र | ख |
| शोधसार | ग |
| कृतज्ञता ज्ञापन | ङ |
| विषय सूची | छ |
| तालिका सूची | ट |
| रेखा चित्र सूची | ठ |
| स्तम्भ चित्र सूची | ड |
| **अध्याय : एक - शोध परिचय** | **१-११** |
| १.१ शोध शीर्षक | १ |
| १.२ शोधको प्रयोजन | १ |
| १.३ समस्याको कथन | १ |
| १.४ शोध कार्यको उद्देश्य | २ |
| १.५ पूर्व कार्यको समीक्षा | २ |
| १.६ शोधको औचित्य र महत्त्व | ६ |
| १.७ शोधकार्यको सीमा | ७ |
| १.८ शोध विधि | ७ |
| १.८.१ जनसङ्ख्याको पहिचान | ८ |
| १.८.२ प्रतिनिधि नमुना | ९ |
| १.८.३ सामग्री निर्माण | ९ |
| १.८.४ तथ्याङ्क सङ्कलन | ९ |
| १.८.५ व्याख्या, विश्लेषण र प्रस्तुतीकरण | १० |
| १.९ शोधपत्रको रूपरेखा | १० |
| **अध्याय : दुई - निबन्धको सैद्धान्तिक परिचय** | **१२-३०** |

| | | |
|---|---|---|
| २.१ | निबन्धको परिचय र अर्थ | १२ |
| २.२ | निबन्धको परिभाषा | १३ |
| २.३ | निबन्धको प्रकार | १५ |
| | २.३.१ आत्मपरक निबन्ध | १५ |
| | २.३.२ वस्तुपरक निबन्ध | १६ |
| २.४ | निबन्धका तत्त्वहरू | १६ |
| | २.४.१ विषय वस्तु | १६ |
| | २.४.२ भाषाशैली | १६ |
| | २.४.३ उद्देश्य | १७ |
| | २.४.४ शीर्षक | १७ |
| | २.४.५ दृष्टिविन्दु | १७ |
| २.५ | निबन्धका विशेषताहरू | १८ |
| २.६ | निबन्ध शिक्षणका विधिहरू | १९ |
| | २.६.१ प्रवचन विधि | १९ |
| | २.६.२ छलफल/प्रश्नोत्तर विधि | १९ |
| | २.६.३ सूत्र विधि | २० |
| | २.६.४ स्वाध्ययन विधि | २० |
| | २.६.५ समीक्षा विधि | २० |
| | २.६.६ पठनबोध विधि | २० |
| | २.६.७. प्रस्तुतीकरण विधि | २१ |
| २.७ | निबन्धका योजनाहरू | २१ |
| | २.७.१ निबन्ध अघि गर्ने काम | २१ |
| | २.७.२ निबन्ध लेखनपछि गर्ने काम | २१ |
| | २.७.३ निबन्धको सं रचना | २२ |
| २.८ | भाषिक सिप र निबन्ध विधा | २३ |
| | २.८.१ भाषा पाठ्यक्रम | २३ |
| | २.८.२ भाषा पाठ्य पुस्तक | २४ |
| | २.८.३ लेखाइ सिप | २५ |
| | २.८.४ लेखाइ शिक्षणको आवश्यकता र महत्त्व | २६ |

२.९ लेखाइ सिपको विकासमा निबन्ध लेखनको भूमिका २७
२.१० विद्यालय तहमा निबन्ध शिक्षणको प्रयोजन/आवश्यकता २८
२.११ निम्न माध्यमिक तहको पाठ्यक्रममा निबन्ध विधाको स्थान २९

**अध्याय : तिन - व्याख्या र विश्ले** **३१-३९**

३.१ समग्रमा विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको स्थिति ३१
३.१.१ प्रतिशतका आधारमा समग्र विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको स्थिति ३१
३.१.२ सरकारी विद्यालयका विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको प्रतिशताङ्क स्थिति ३२
३.२. निजी विद्यालयका विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन ३३
३.२.१. निजी विद्यालयका विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको प्रतिशताङ्क स्थिति ३३
३.२.२ नेपाली पहिलो भाषी विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन ३४
३.२.३ नेपाली दोस्रो भाषी विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन ३५
३.३ लैङ्गिक आधारमा निबन्ध लेखन क्षमताको अध्ययन ३७
३.३.१. छात्र विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन ३७
३.३.२ छात्रा निबन्ध लेखन क्षमताको अध्ययन ३९

**अध्याय : चार - तुलनात्मक अध्ययन** **४०- ४५**

४.१ विभिन्न समूहहरूमा निबन्ध लेखन क्षमताको तुलनातमक विश्लेषण ४०
४.१.१ विद्यालयको प्रकृतिको आधारमा सरकारी र निजी विद्यालयका विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको तुलना ४०
४.१.२. भाषिक पृष्ठभूमिका आधारमा नेपाली पहिलो भाषी तथा नेपाली दोस्रो भाषी विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको तुलना ४२
४.१.३ लैङ्गिकताका आधारमा छात्र र छात्राबिचको निबन्ध लेखन क्षमताको तुलना ४४

**अध्याय : पाँच-उपसंहार** **४६- ५०**

५.१ निष्कर्ष ४६

५.२ सुझावहरू ४७

५.३ शोधकार्यको शैक्षणिक उपयोगिता ४८

५.४ भावी अनुसन्धानका सम्भाव्य शीर्षकहरू ४९

**सन्दर्भ सूची** **५१**

**परिशिष्ट**

**व्यक्तिवृत्त**

# तालिका सूची


| तालिका नं. | विवरण | पृष्ठ सङ्ख्या |
|---|---|---|
| १ | प्रतिशतका आधारमा समग्र विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको स्थिति | ३१ |
| २ | सरकारी विद्यालयका विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको प्रतिशताङ्क स्थिति | ३२ |
| ३ | निजी विद्यालयका विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको प्रतिशताङ्क स्थिति | ३३ |
| ४ | नेपाली पहिलो भाषी विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको प्रतिशताङ्क | ३४ |
| ५ | नेपाली दोस्रो भाषी विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको प्रतिशताङ्क | ३६ |
| ६ | छात्र विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको प्रतिशताङ्क | ३७ |
| ७ | छात्रा विदयार्थीहरूको निबन्ध लेखन क्षमताको प्रतिशताङ्क स्थिति | ३९ |
| ८ | विद्यालयको प्रकृतिको आधारमा सरकारी र निजी विद्यालयका विद्यार्थीको निबन्ध लेखन क्षमताको तुलना | ४० |
| ९ | भाषिक पृष्ठभूमिका आधारमा नेपाली पहिलो भाषी तथा नेपाली दोस्रो भाषी विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको तुलना | ४२ |
| १० | निबन्ध लेखन क्षमतामा लैङ्गिकताका आधारमा छात्र र छात्राबिचको तुलना | ४४ |

# रेखा चित्र सूची


| चित्र नं. | विवरण | पृष्ठ सङ्ख्या |
|---|---|---|
| १ | प्रतिशतका आधारमा समग्र विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको स्थिति | ३२ |
| २ | सरकारी विद्यालयका विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको प्रतिशताङ्क स्थिति | ३३ |
| ३ | निजी विद्यालयका विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको प्रतिशताङ्क स्थिति | ३४ |
| ४ | नेपाली पहिलो भाषी विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको प्रतिशताङ्क | ३५ |
| ५ | नेपाली दोस्रो भाषी विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको प्रतिशताङ्क | ३६ |

# स्तम्भ चित्र सूची


| चित्र नं. | विवरण | पृष्ठ सङ्ख्या |
|---|---|---|
| १ | छात्र विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको प्रतिशताङ्क | ३८ |
| २ | विद्यालयको प्रकृतिको आधारमा सरकारी र निजी विद्यालयका विद्यार्थीको निबन्ध लेखन क्षमताको तुलना | ४१ |
| ३ | भाषिक पृष्ठभूमिका आधारमा नेपाली पहिलो भाषी तथा नेपाली दोस्रो भाषी विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको तुलना | ४३ |
| ४ | निबन्ध लेखन क्षमतामा लैङ्गिकताका आधारमा छात्र र छात्राबिचको तुलना | ४५ |

# अध्याय : एक

# परिचय

## १.१ शोध शीर्षक

प्रस्तुत शोध पत्रको शीर्षक **कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन** रहेको छ ।

## १.२ शोधको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र सङ्काय अन्तर्गत नेपाली भाषा शिक्षा विभाग स्नातकोत्तर तह दोस्रो वर्षको विशिष्टीकरण विषय नेपा.शि. ५९८ पाठ्यांशको प्रयोजनको लागि प्रस्तुत गरिएको  छ ।

## १.३ समस्याको कथन

भाषा विचार विनियमको माध्यम हो । नेपाली भाषा नेपालको राष्ट्र भाषा हो । नेपाली भाषा विद्यालय तहमा अनिवार्य विषयका रूपमा अध्ययन हुन्छ, भने उच्च मा.वि.र क्याम्पस तहमा यस विषयको अध्ययन अध्यापन अनिवार्य र ऐच्छिक  रूपमा हुँदै आएको छ । भाषा शिक्षण एक चुनौतिपूर्ण तथा जटिल कार्य हो । भाषाको अध्ययन अध्यापन गराउँदा विशेष गरी भाषिक सिप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) विकास गर्ने लक्ष्य राखिएको हुन्छ । यी चार वटै सिप विकास गर्नका लागि भाषा पाठ्य पुस्तकमा विभिन्न विधाहरू (कथा, कविता, निबन्ध, जीवनी रूपक र प्रबन्ध आदि) समावेश गरिएको हुन्छ । भाषा पाठ्य पुस्तकमा समावेश गरिएका यी विभिन्न विधाहरूबाट विद्यार्थी तथा सिकारूहरू भाषिक सिपमा दक्ष बनाउने उद्‌देश्य अनुरूप सबै खालका विधाहरू समावेश गरिएका  हुन्छन् । लेखन कला वा लेखाइ सिपलाई सशक्त बनाउन निबन्ध विधाको महत्त्वपूर्ण स्थान रहेको छ ।

निबन्ध विधा एउटा यस्तो विधा हो जसले आफ्ना भावना विचार अभिव्यक्तिलाई सही तरिकाले प्रस्फुटन गराउने गर्दछ । निबन्धका माध्यमबाट आफ्नो विचार वा अभिव्यक्तिलाई सही तरिकाले प्रस्तुत गर्ने गर्दछ । विद्यार्थी तथा शिक्षकहरूको कमी कमजोरीलाई औँल्याउन विद्यार्थीको लेखन क्षमता कस्तो छ, लेखन क्षमतालाई पत्ता

लगाउन सहयोग पुग्दछ । साथै, कक्षा सातका विद्यार्थीहरूको लिङ्गताका आधारमा सरकारी र निजी विद्यालयका विद्यार्थीहरूको तुलनात्मक अध्ययन सिपको माध्यमबाट यस्ता समस्यालाई समाधान गर्ने हुनाले तथा शिक्षक र विद्यार्थीहरूमा समझदारी ल्याई लेखन कलालाई स्तरीय बनाउन सफल देखिन्छ, प्रस्तुत शोधपत्रमा कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको लेखन क्षमताको अध्ययनसँग सम्बन्धित हुनाले यसका समस्याहरूलाई निम्नानुसार राखिएको छ :

क) कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमता कस्तो छ ?

ख) सरकारी तथा निजी विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको तुलनात्मक स्थिति के कस्तो छ ?

ग) भाषिक पृष्ठभूमिका आधारमा पहिलो भाषी नेपाली र दोस्रो भाषी नेपाली हुने विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको तुलनात्मक स्थिति के कस्तो छ ?

घ) लैङ्गिकताका आधारमा कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखनसम्बन्धी के कस्ता कमजोरी रहेका छन ?

## १.४ शोध कार्यको उद्देश्य

प्रस्तुत शोधपत्र अध्ययनका निम्ति निम्न लिखित उद्देश्यहरू रहका छन् :

क) कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमता पहिचान गर्नु ,

ख) भाषिक पृष्ठभूमिका आधारमा पहिलो भाषी नेपाली र दोस्रो भाषी नेपाली विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु ,

ग) लैङ्गिकताको आधारमा छात्र-छात्रा विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु ,

घ) कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्धमा हुने कमी कमजोरी पहिचान गर्नु ।

## १.५ पूर्व कार्यको समीक्षा

कुनै पनि कार्य थालनी तथा अनुसन्धान क्रममा उक्त शोध कार्यसँग सम्बन्धित विषय वस्तुमा पहिले तथा पूर्व भएका अध्ययन अनुसन्धानको समीक्षा गर्नुलाई बुझिन्छ । पूर्वकार्यको खोजी पछि शोधार्थीलाई विधिपूर्वक समीक्षात्मक ढङ्गले अध्ययन गर्न सजिलो

पर्दछ । जसले पूर्व अध्ययनहरूका सकारात्मक तथा नकारात्मक दुवै पक्षको समीक्षाका साथै पृथक ढङ्गले अनुसन्धान कार्य गर्न सहयोग पुऱ्याउँदछ ।

शीर्षकसँग सम्बन्धित पूर्व अनुसन्धानका अध्ययनलाई आधार मानेर हेर्दा यो शीर्षकमा खासै अनुसन्धान नभएको र केही लेखाइसँग सम्बन्धित शीर्षकमा अनुसन्धानहरू व्याकरणात्मक कोटि, त्रुटि विश्लेषण, चिन्ह प्रयोग, कार्यकलाप जस्ता क्षेत्रमा केन्द्रित रहेको पाइन्छ । यहाँ पूर्व कार्यको रूपमा अनुसन्धानमूलक शोधकार्यको निष्कर्ष बढी मात्रामा समावेश गर्न विभिन्न विद्वानहरूद्वारा विद्यालय तथा विश्वविद्यालय तहका लागि तयार पारिएका पाठ्य सामग्री तथा पूर्व अनुसन्धानका केही निष्कर्षहरूलाई आधार मानी तयार पारिएको सम्बन्धित पूर्व साहित्यको सङ्क्षिप्त चर्चा गरिएको छ ।

हेमाङ्गराज अधिकारीद्वारा लिखत **नेपाली भाषा शिक्षण (२०५३)** नामक पुस्तकमा भाषा शिक्षणका विभिन्न पक्षहरूका बारेमा चर्चा गर्ने क्रममा लेखाइ सिपमा जोड दिइएको छ । यसमा लेखाइ सिपको महत्त्व , आवश्यकता, औचित्य लेखाइ शिक्षणका कार्यकलाप लेखाइको शुद्धीकरण अभ्यासिक र निर्देशित लेखन शिक्षणका क्रममा समेत विचार पुऱ्याउनु पर्ने कुराका बारेमा उल्लेख गरिएको पाइन्छ ।

केदारप्रसाद शर्मा र माधवप्रसाद पौडेल (२०६०) को सहलेखनमा तयार पारिएको **नेपाली भाषा र साहित्य शिक्षण** नामक पुस्तक नेपाली भाषाका साथै साहित्य शिक्षण गर्न अति नै उपयोगी मानिन्छ । साथै लेखनसँग सम्बन्धित कार्यकलापहरू यान्त्रिक, निर्देशित, स्वतन्त्र तथा सृजनात्मक निबन्ध अभिव्यक्ति क्षमतासम्बन्धी चर्चा गरिएको छ । निबन्ध लेखनको प्रमुख प्रयोजन लेखन कलाको समुचित विकास गर्नु हो भन्दै यसको शिक्षणका क्रममा विधिहरूको समेत चर्चा परिचर्चा गरिएको छ ।

द्वारिका भण्डारी (२०६३), द्वारा तयार पारिएको **कक्षा आठ पुरा गरेका विद्यार्थीहरूको निबन्ध लेखन अभिव्यक्ति क्षमताको अध्ययन** नामक शोधपत्र तयार पारेको पाइन्छ । यस शोधमा विद्यार्थीहरूको निबन्ध लेखन अभिव्यक्ति क्षमताको विकासका साथै सिर्जनात्मक क्षमताको विकास के-कसरी गर्न सकिन्छ भन्ने बारेमा जानकारी दिइएको छ । उक्त शोधमा कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमता अभिव्यक्ति सामर्थ्यको अध्ययन गर्नु, विद्यालयको प्रकृति, भाषिक पृष्ठभूमि, लैङ्गिक आधार र स्थानीयताको आधारमा विद्यार्थीहरूको निबन्ध लेखन अभिव्यक्ति क्षमताको अध्ययन गर्नु

जस्ता उद्देश्यहरू रहेको पाइन्छ । उक्त शोधमा क्षेत्रीय सामग्री सङ्कलन विधिअन्तर्गत रही उपत्यकाका सरकारी तथा निजी विद्यालय गरी जम्मा १० वटा विद्यालयहरूका जम्मा १०० जना विद्यार्थीहरूको नमुना जनसङ्ख्याका रूपमा लिइएको पाइन्छ ।

रणबहादुर दौल्याल (२०६४), द्वारा तयार पारिएको **कञ्चनपुर जिल्लाका कक्षा दसमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन** नामक अप्रकाशित शोधमा कञ्चनपुर जिल्लाका कक्षा दसमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमता रहेको, सरकारी र निजी विद्यालयमा अध्ययनरत विद्यार्थीको निबन्ध लेखन क्षमताको तुलना गरिएको, छात्रको तुलनामा छात्राको निबन्ध लेखन क्षमता कमजोर रहेको आदि निष्कर्ष निकालिएको छ ।

मानबहादुर रोकाया (२०६५) द्वारा तयार पारिएको **कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन** नामक शोधपत्रमा काठमाडौं उपत्यकाका विद्यार्थीको निबन्ध लेखन क्षमताको पहिचान गर्नु भाषिक पृष्ठभूमि लैङ्गिकता आदि उद्देश्यका साथ जनसङ्ख्या तथा नमुना छनोट मार्फत अध्ययन विधिद्वारा शोध तयार पारियो । जसमा समग्र विद्यार्थीले देखाएको निबन्ध लेखन क्षमता सन्तोषजनक नभएको निष्कर्ष निकालेका छन् ।

मोहन पौडेल (२०६५) द्वारा तयार पारिएको **नवल परासी जिल्लाका कक्षा ६ पुरा गरेका विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन** नामक शोध प्रस्तुत शीर्षक केही मात्रामा मिल्दो जुल्दो भनिन्छ । जसमा सरकारी र निजी विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको तुलना गरिनु, लैङ्गिक तथा भाषिक आधारमा तुलना आदि उद्देश्यलाई समेटिएको छ । जनसङ्ख्या तथा नमुना छनोट विधि मार्फत अनुसन्धान गरिएको छ । सिर्जनात्मक शक्तिलाई अझैं बढाउनु पर्ने आवश्यक सहित विद्यार्थीहरूको निबन्ध लेखन क्षमता कमजोर रहेको निष्कर्ष निकालिएको छ ।

दीपक पाण्डेय (२०६६), द्वारा तयार पारिएको **उ.मा.वि. (कक्षा १२) मा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन** नामक शोधपत्रमा लैङ्गिकताका आधारमा छात्र र छात्रा विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको भिन्नता, ग्रामीण र सहरी परिवेशका उ.मा.वि.का (कक्षा १२) मा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन आदि रहेको छ ।

उत्तमराज खनाल (२०६७) द्वारा तयार पारिएको **कास्की जिल्लाको कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन** नामक शोधपत्रमा कास्की जिल्लाका कक्षा ७ मा अध्ययनरत विद्यार्थीमाथि गरिएको निबन्ध लेखन क्षमता पहिचान गर्नु भाषिक पृष्ठभूमिका आधारमा तुलनात्मक स्थिति पहिचान गर्नु, कमी कमजोरी पत्ता लगाउनु, कमजोरीलाई निराकरण गर्नु जस्ता उद्देश्य समावेश गरिएको छ । जसमा जनसङ्ख्या तथा नमुना छनोट गरी अध्ययन विधिको प्रयोग गरी समग्रमा निबन्ध लेखन क्षमता कमजोर रहेको सरकारी र निजीका तुलनामा निजी विद्यालयका विद्यार्थीहरूमा निबन्ध लेखन क्षमता कास्की जिल्लाको निबन्ध लेखन क्षमतालाई हेर्दा पाठ्यक्रम र पाठ्य पुस्तकमा बढी ध्यान दिनु पर्ने सुझाब दिइएको पाइन्छ ।

गंगा आचार्य (२०६७) द्वारा **स्याङ्जा जिल्लाका कक्षा ९ मा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन** शीर्षकमा शोधपत्र तयार गरिएको छ । प्रस्तुत शोधले स्याङ्जा जिल्लाका कक्षा ९ मा अध्ययनरत विद्यार्थीको निबन्ध लेखन क्षमता विकास गराउने तथा सिर्जनात्मक सिप विकासका लागि अध्ययनलाई अगाडि बढाइएको छ । जसमा विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको पहिचान गर्नु, सरकारी र निजी विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको तुलना गर्नु, नेपाली पहिलो भाषी र नेपाली दोस्रो भाषी विद्यार्थीहरूको र छात्र र छात्रा विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको तुलना गर्नु, निबन्ध लेखनका कमिकमजोरीहरू पत्ता लगाई उक्त कमजोरीहरू सुधारका लागि सुझाब दिनु जस्ता उद्देश्यहरूमा केन्द्रित भई शोध तयार पारएिको छ । जसमा जनसङ्ख्या तथा नमुना छनोट (क्षेत्रीय तथ्याङ्क ) सङ्कलन विधिबाट स्याङ्जा जिल्लाका ४ सरकारी र ४ निजी गरी ८ ओटा विद्यालयमा १०/१० जनाको छनोट गरी जम्मा ८० जना विद्यार्थीहरूमा अध्ययन गरेको पाइन्छ । यसरी यस शोधले समग्र विद्यार्थीहरूको निबन्ध लेखन क्षमता कमजोर देखाउनुका साथै सरकारी विद्यालयको तुलनामा निजी विद्यालयका विद्यार्थीहरूको निबन्ध लेखन क्षमता राम्रो तथा उच्च रहेको निष्कर्ष निकालेको पाइन्छ ।

सरिता खड्का (२०६९) द्वारा तयार पारिएको **सर्लाही जिल्लाका कक्षा ९ मा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन** नामक शोधपत्रमा सर्लाही जिल्लाका कक्षा ९ मा अध्ययनरत विद्यार्थीमाथि गरिएको निबन्ध लेखन क्षमताको अध्ययन तथा सिर्जनात्मक सिपलाई बढाउनका लागि सर्लाही जिल्लाका कक्षा ९ मा अध्ययनरत

विद्यार्थीहरूको निबन्ध लेखन क्षमता पहिचान गर्नु, विद्यार्थीको प्रकृति, भाषिक पृष्ठभूमि, निबन्ध लेखनसम्बन्धी त्रुटिहरू पहिचान गर्नु, त्रुटि निराकरण गर्नु, आवश्यक सुझाब पेशगर्नु जस्ता उद्देश्य रहेका छन् । क्षेत्रीय अध्ययन विधिबाट जनसङ्ख्या तथा नमुना छनोट गरी तथ्याङ्क सङ्कलनबाट अध्ययनलाई अगाडि बढाइएको छ । यसरी समग्रमा विद्यार्थीहरूको निबन्ध लेखन क्षमता कमजोर देखिएको निष्कर्ष निकालिएको छ । सरकारी र निजीको तुलनामा सरकारी विद्यालयका विद्यार्थीहरूको निबन्ध लेखन क्षमता सन्तोषजनक नै रहेको पाइन्छ ।

यसरी उपर्युक्त पूर्व कार्यहरूलाई दृष्टि दिँदा शोधार्थीहरूले निबन्ध लेखन क्षमता अध्ययन गरेता पनि क्षेत्रीय सामग्री सङ्कलन गरी कक्षा ७ का विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन गर्नु पर्ने भएको हुनाले कैलाली जिल्लाभित्र पर्ने कक्षा सातका विद्यार्थीहरूको अध्ययन गर्नु आवश्यक देखिएर प्रस्तुत शोध गर्न थालिएको हो ।

## १.६ शोधको औचित्य र महत्त्व

भाषा शिक्षणमा निबन्ध विधाको महत्त्वपूर्ण भूमिका रहन्छ । निबन्ध विधा साहित्यको एक विशिष्ट प्रयोग क्षेत्र पनि हो । व्यक्तिका, भावना, विचार, संवेग, कल्पना तथा दृष्टिकोणलाई अभिव्यक्त गर्न निबन्ध विधा उपयुक्त विधा मानिन्छ । नेपाली भाषा मार्मिक लेख्य एवम् अभिव्यक्तिको सम्प्रेषण हो । त्यसैले यस कलालाई सशक्त राख्नका लागि नवीन मौलिक सिर्जना शक्ति विकास गर्न उच्च स्तरीय लेखन कलाको आवश्यकता रहेको छ । नेपाली भाषाको विकास गर्नका लागि समसमायिक निबन्ध लेखन तथा विद्यार्थी र शिक्षकमा सिप विकास गराउनका लागि यस अध्ययनले ठुलो भूमिका खेल्दछ ।

यस अध्ययनले कक्षा सातमा अध्ययन गर्ने विद्यार्थीहरूले वर्ण विन्यास, शब्द विन्यास अशुद्धता पहिचान गर्नका लागि सहयोग पुऱ्याउने , लेख्ने बानीको विकास, द्रुत लेखन अभ्यासको विकास, सुन्दर अक्षर लेख्ने क्षमताको विकास र प्राविधिक लेखन क्षमताको विकास गर्न निबन्ध विधा वा लेखन कला राम्रो हुन्छ । भन्ने सुझाब प्राप्त हुन्छ । विद्यार्थीहरूको लेखन क्षमताको पहिचान छात्र छात्राको निबन्धहरूको लेखन क्षमताको तुलनात्मक अध्ययन गर्नसमेत यस अध्ययनले सहयोग गर्ने गर्दछ । साथै पाठ्यक्रम निर्माता र प्रकाशकलाई कक्षा अनुरूपका क्रियाकलापका निर्देशन दिन सहयोग पुग्ने छ । निबन्ध एउटा स्वतन्त्र विधा भएकाले यसलाई हरेक विद्यार्थीले मौलिक रूपमा वस्तुपरक र

आत्मपरक ढङ्गबाट निबन्धको सिर्जना गर्न सक्षम तुल्याउने छ । शिक्षकहरूलाई कक्षा शिक्षण गर्दा हुने व्यवहारिक कठिनाइहरूलाई पहिल्याई कम गर्न सघाउने छ । यसबाहेक भाषाका अध्ययता विषय विज्ञ विद्यार्थी अन्य पाठक तथा सम्बन्धित सबैलाई यस अध्ययनले सहयोग पुऱ्याउने अपेक्षा राखिएको छ । यसबाट यस अध्ययनको औचित्य र महत्त्व छ भन्ने कुरा प्रष्टिन्छ ।

## १.७ शोधकार्यको सीमा

शोधकार्यलाई अगाडि बढाउनका लागि अध्ययन गर्न लागेको क्षेत्र तथा सीमाको महत्त्वपूर्ण भूमिका रहन्छ । शोधको कार्य क्षेत्र तथा सीमा प्रस्ट भयो भने शोध व्यवस्थित किसिमले अगाडि बढ्छ । यसरी शोधलाई व्यवस्थित बनाउन शोधको प्रयोग , समय , सीमितता , आर्थिक कठिनाइ, भौगोलिक विकटता, स्रोत साधनको आवश्यकताका कारणले सबै पक्षलाई समेट्न गाह्रो पर्ने हुँदा अध्ययनलाई एक निश्चित सीमामा राख्नुपर्ने हुन्छ । त्यसैले प्रस्तुत शोध अध्ययनलाई निम्न क्षेत्र र सीमामा सीमित गरिएको छ :

१. सरकारी र निजी गरी जम्मा ८ विद्यालयलाई समावेश गरिएको छ ।

२. ८ वटा विद्यालयका १०/१० जना गरी जम्मा ८० जना विद्यार्थी समावेश गरिएको छ ।

३. प्रस्तुत अध्ययन कक्षा ७ मा अध्ययनरत छात्र र छात्राहरूमा सीमित रहेको छ ।

४. नमुना जनसङ्ख्याबाट प्राप्त तथ्यका आधारमा व्याख्या विश्लेषण गरिएको छ ।

५. कक्षा ७ मा अध्ययनरत पहिलो भाषी नेपाली र दोस्रो भाषी नेपाली हुने विद्यार्थीहरूमा प्रस्तुत अध्ययन भित्र रहेको छ ।

## १.८ शोध विधि

अनुसन्धान कार्य कसरी गरिदैं छ भन्ने जानकारी गराउनु नै शोध वा अध्ययन विधि हो । व्यवस्थित एवम् तर्कसङ्गत प्रक्रियाको अवलम्बन गरी नयाँ तथ्य पत्ता लगाउने वा पुरानै तथ्यको पुर्नव्याख्या गर्ने काम अनुसन्धानले गर्दछ । अनुसन्धान एक जटिल तथा चुनौतिपूर्ण कार्य हो । अनुसन्धान औपचारिक रूपमा गरिने नियन्त्रित खोजमूलक कार्य साथै पुराना ज्ञानका आधारसिलामा रहेर नयाँ सिद्धान्त अपनाई तर्कसङ्गत प्रमाणिक र विश्वसनियताको कसिमा राखिएको अध्ययन हो । यी सबै कुराहरूलाई सही तरिकाले परिभाषित गर्नु र अध्ययनको आवश्यकता र उद्देश्यलाई पुरा गर्नु अध्ययन विधिहरूको

महत्त्वपूर्ण भूमिका रहन्छ । यसरी कुनै विषय वस्तुको बारेमा विस्तृत अध्ययन अनुसन्धान गर्दा त्यसको सुरूदेखि अन्त्यसम्म अपनाइने विभिन्न विधिहरूलाई पूर्वयोजना देखिनै व्यवस्थित गर्नु अतिआवश्यक पर्दछ । अन्यथा विभिन्न समस्याले घेरिने बाधा अड्चन आउने सम्भावना रहन्छ । समस्यालाई समाधान गर्न अध्ययन विधिले सही मार्गदर्शन गर्दछ ।

यसरी अनुसन्धान अध्ययनमा अध्येताले अपनाइएका सम्पूर्ण विधिहरूलाई यस अध्यायमा समावेश गरिएको छ ।

प्रस्तुत अध्ययनबाट सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययनलाई पहिचान गर्ने उद्देश्यले गर्न खोजिएको कुरा यसको उद्देश्य खण्डबाट नै स्पष्ट भएको छ । अध्ययनको उद्देश्यलाई महत्त्वपूर्ण ठानेर निष्कर्षमा पुग्नु आवश्यक हुन्छ । कक्षा सातमा अध्ययनरत विद्यार्थीको निबन्ध लेखन क्षमताको अध्ययन शीर्षक विद्यार्थीसँग प्रत्यक्ष रूपमा जोडिएकोले विद्यार्थीहरूलाई नै प्रमुख केन्द्रबिन्दु बनाई नमुना सर्वेक्षण विधिबाट यस विधिलाई अगाडि बढाएको छ । नमुना सर्वेक्षण विधि एउटा यस्तो विधि हो, जसले धेरै सङ्ख्याबाट छानिएको वा प्रतिनिधित्व गरेको एक नमुना हो । जसले अनुसन्धानलाई प्रयोगात्मक तथा नतिजामा वैधता ल्याउने क्रममा सर्वप्रथम जनसङ्ख्याको पहिचान प्रतिनिधि नमुना छनोट तथ्याङ्क सङ्कलनका लागि उचित सामग्रीको निर्माण, परीक्षणको कार्यन्वयन वा तथ्याङ्कहरूको विधिहरूको प्रयोग गरिएको छ । यसरी विभिन्न क्षेत्रीय विधि र संवेगात्मक विधिहरूको प्रयोग गरी प्रस्तुत अध्ययनको प्रारूपलाई तयार पारिएको छ । प्रस्तुत अध्ययनमा अवलम्बन गरिएका प्रक्रियाहरूको विस्तृत विवरण निम्नानुसार छ :

### १.८.१ जनसङ्ख्याको पहिचान

प्रस्तुत अनुसन्धान अध्ययनका लागि शैक्षिक सत्र २०७० मा कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूलाई जनसङ्ख्याका रूपमा लिइएको छ । अध्ययनको उद्देश्य, समय लागत र लगानी आदिलाई मध्यनजर गरेर कक्षाका सम्पूर्ण (विद्यार्थी) जनसङ्ख्याको अध्ययन गर्न नसकिने भएकोले निश्चित जनसङ्ख्या प्राप्त गर्नका लागि चिठ्ठा प्रणालीको प्रयोग गरी आवश्यक पर्ने जनङ्ख्या लिइएको छ । अध्ययनको सीमाङ्कनका लागि कैलाली जिल्लाका ४ सरकारी र ४ निजी गरी आठ वटा विद्यालयमा अध्ययनरत जम्मा ८० जना विद्यार्थीहरूलाई जनसङ्ख्याका रूपमा लिइएको छ ।

### १.८.२ प्रतिनिधि नमुना

प्रतिनिधि नमुना भन्नाले धेरै ठाउँबाट छनोट गरिएका सम्पूर्ण ठाउँको प्रतिनिधित्व गर्दछ । जसलाई नै प्रतिनिधि नमुना भनिन्छ । प्रस्तुत अध्ययनमा सम्पूर्ण जनसङ्ख्याको प्रतिनिधित्व गराउन उद्देश्य, वर्ग छनोट भाषिक पृष्ठभूमि आदि पक्ष तथा विधिहरूलाई अवलम्बन गरिएको छ । नमुना छनोटका लागि कैलाली जिल्ला भित्रका ८ वटा विद्यालयलाई छनोट गरिएको छ । जसमा ४ वटा सरकारी र ४ वटा निजी विद्यालयहरू रहेका छन् । प्रत्येक विद्यालयका १० जनामा ५ जना छात्र र ५ जना छात्रा गरी १० जनालाई एक विद्यालयबाट छनोट गरिएको छ । यी ८ वटा विद्यालय वा ८० जना विद्यार्थीलाई छनोट गरिएको  छ ।

### १.८.३ सामग्री निर्माण

अध्ययनमा सामग्रीको पनि महत्त्वपूर्ण भूमिका रहन्छ । सामग्रीबिना अध्ययन अधुरो रहन जान्छ । सामग्री निर्माण गर्दा अनुसन्धानको प्रकृतिलाई विशेष ख्याल गर्नु पर्दछ । यस्ता सामग्रीले अध्ययनको उद्देश्यलाई परिपूर्ति गर्न सक्छ, सक्दैन भन्ने कुरालाई किटानीका साथ हेरिनु पर्दछ । उद्देश्यलाई पुरा गर्न समसामयिक विषय वस्तुलाई शीर्षकका रूपमा प्रस्ताव गरिएको छ । नमुना सङ्ख्या मध्येबाट अध्येताले दुईवटा निबन्धका शीर्षक दिई पूर्वपरीक्षण गरेर उत्तर पुस्तिकाहरूलाई परिचय, विषयवस्तुको ज्ञान, मौलिकता र भाषिक शुद्धताका आधारमा अतिउत्तम, उत्तम, मध्यम र निम्न रूपमा जाँची प्राप्त नतिजा अनुसार दुईवटा शीर्षक 'जीवनमा खेलकुदको महत्त्व' र 'जीवनमा समयको महत्त्व' मध्ये कुनै एउटा शीर्षकमा मात्र निबन्ध लेखन गराइ सामग्री सङ्कलन गरियो ।

### १.८.४ तथ्याङ्क सङ्कलन

अनुसन्धानमा सङ्कलित तथ्य वा सामग्रीलाई तथ्याङ्क भनेर बुझिन्छ । तथ्याङ्कलाई तालिकीकरण गर्न, व्यवस्थित गर्न र स्पष्ट गर्नका लागि तथ्याङ्कको आवश्यक पर्दछ । प्रस्तुत अध्ययनका लागि प्राथमिक र द्वितीयक स्रोतबाट सामग्री सङ्कलन गरी अध्ययनलाई अगाडि बढाएको छ । यस अध्ययनका लागि आवश्यक तथ्याङ्क सङ्कलन गर्ने क्रममा कैलाली जिल्लाका प्रतिनिधि नमुनाका रूपमा छनोट गरिएका विद्यालयका विद्यार्थीहरूबाट निर्धारित शीर्षक र समयमा निबन्ध लेखन प्रेरित गरियो प्रस्तुत अध्ययन अनुसन्धानका लागि अध्येताले सम्बन्धित विद्यालय प्रशासन र विषय

शिक्षकसँग लिखित र मौखिक अनुरोधका आधारमा समन्वय गर्दै तथ्याङ्क सङ्कलन कार्यलाई अगाडि बढाइयो । यसरी नमुना जनसङ्ख्याका रूपमा चयन गरिएका विद्यालयबाट प्राप्त निबन्धित उत्तर पुस्तिकालाई शोध निर्देशकको सुझाबको आधारमा परिचय, विषयवस्तुको ज्ञान, मौलिकता र भाषिक शुद्धताका आधारमा जाँच गरी वस्तुगत रूपमा अङ्क निर्धारण गरिएको छ ।

### १.८.५ व्याख्या, विश्लेषण र प्रस्तुतीकरण

अनुसन्धान सत्य तथ्यमा आधारित भएर अगाडि बढ्छ । अनुसन्धानको मेरूडण्डको रूपमा तथ्याङ्क सङ्कलन गर्नु नै हो । प्रस्तुत अध्ययनको शीर्षक लेखनकला वा लेखाइ सिपसँग सम्बन्धित रहेको छ । जुन तथ्य सङ्कलनका क्रममा प्राप्त भएका निबन्धित उत्तरपुस्तिकामा अङ्कित गरिएको प्राप्ताङ्कलाई लिङ्ग, भाषिक पृष्ठभूमि, विद्यालयको प्रकृतिको समुहगत रूपमा वर्गीकरण गरी तालिकावद्ध गरियो । तथ्यको व्याख्या विश्लेषण गर्नका लागि सम्पूर्ण विद्यार्थीहरूको प्रतिशत निकालियो र प्रतिनिधि नमुनामा समाविष्ट विद्यार्थीहरू मध्ये निश्चित प्रतिशतभन्दा तल कति प्रतिशत विद्यार्थीहरू रहेका छन् र कति विद्यार्थीमाथि रहेका छन् भनेर गणना निकालियो । तथ्य विश्लेषणमा थप सहजता ल्याउने प्रयत्न गरियो । यसरी प्राप्त भएको प्राप्ताङ्कका आधारमा उच्चतम स्थान मध्यस्थान तथा न्यूनतम स्थानमा पर्ने विद्यार्थीको वास्तविक सङ्ख्या पत्ता लगाउनका लागि प्रतिशताङ्क श्रेणी निर्धारण गरेर गणना गरियो । साथै विभिन्न स्तम्भचित्र, रेखाचित्रहरूमा समेत  देखाइयो ।

## १.९ शोधपत्रको रूपरेखा

कक्षा ७ मा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन शीर्षकमा आधारित यस शोधपत्रलाई जम्मा ५ वटा अध्यायमा विभाजन गरिएको छ । जसको ढाँचा यसप्रकार रहेको छ ।

### अध्याय एक : शोधको परिचय

यस अध्यायमा शोध शीर्षक शोधको प्रयोजन, समस्या कथन, शोधको उद्देश्य, अध्ययनको औचित्य र महत्त्व शोधको सीमाङ्कन, अध्ययन विधि, पूर्व कार्यको समीक्षा शोधपत्रको रूपरेखालाई समावेश गरिएको छ ।

**अध्याय दुई : निबन्धको सैद्धान्तिक परिचय**

यस अध्यायमा निबन्धको पृष्ठभूमि, निबन्ध व्युत्पति र अर्थ, निबन्धको परिभाषा, निबन्धका प्रकार, निबन्धका तत्त्वहरू, निबन्धका विशेषताहरू, निबन्धका शिक्षण विधि, निबन्धका योजनाहरू भाषिक सिप र निबन्ध विधा, भाषा पाठ्यक्रम, भाषा पाठ्य पुस्तक र लेखाइ सिप, लेखाइ शिक्षणको आवश्यकता र महत्त्व, लेखाइ सिपको विकासमा निबन्ध लेखनको स्थान  तथा विद्यालय तहमा निबन्ध शिक्षण प्रक्रिया आदि समावेश गरिएको छ ।

**अध्याय तिन : विश्लेष्णात्मक खण्ड**

यस अध्यायमा समग्र विद्यार्थीहरूको निबन्ध लेखन र मानक विचलनका आधारमा विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको स्थिति, सरकारी विद्यालयमा समग्र विद्यार्थीहरूको निबन्ध लेखन अभिव्यक्ति क्षमताको स्थिति प्रतिशताङ्कको स्थिति आदिको समावेश गरिएको छ ।

**अध्याय चार : निबन्ध लेखन क्षमताको तुलनात्मक विश्लेषण**

यस अध्यायमा विभिन्न समूहहरूमा निबन्ध लेखन क्षमताको तुलनात्मक स्थिति, विद्यालयको प्रकृतिका आधारमा सरकारी र निजी विद्यालयका विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको तुलना, पहिलो भाषी र दोस्रो भाषी नेपाली विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको तुलना लैङ्गिकता आधारमा छात्र र छात्रा विद्यार्थीको तुलना आदि समावेश गरिएको छ ।

**अध्याय पाँच : उपसंहार**

यस अध्यायमा शोधको निष्कर्ष, सुझाब, भावी अनुसन्धनका सुझाब शीर्षकहरू समावेश गरिएको छ ।

यसका साथै शोधको अग्रभागमा भूमिकामूलक कृतज्ञता ज्ञापन, शोध सार, विषय सूची, तालिका सूची पनि समावेश गरिएको छ भने पश्चभागका रूपमा सन्दर्भ सूची, परिशिष्टहरू र शोधकर्ताको वैयक्तिक विवरण समेत प्रस्तुत गरिएको छ ।

# अध्याय : दुई
# निबन्धको सैद्धान्तिक परिचय

## २.१ निबन्धको परिचय र अर्थ

साहित्य समाजको दर्पण हो । साहित्यका चार विधाहरू मध्ये निबन्ध विधा सबै भन्दा कनिष्ठ विधा हो । साहित्यलाई पाठ्य-श्रव्य र अभिनय-दृश्य गरी दुई भागमा वर्गीकरण गरी हेर्दा निबन्ध पाठ्य-श्रव्य भेदअन्तर्गत पर्दछ । त्यसै गरी आख्यानलाई आधार मानेर हेर्दा निबन्ध आख्यानेतर विधाअन्तर्गत पर्दछ भने भाषा र लयलाई आधार मानेर हेर्दा यो गद्य विधाअन्तर्गत पर्दछ । यसरी निबन्ध आख्यानेतर गद्य भेदअन्तर्गत पर्ने साहित्यको पाठ्य-श्रव्य विधा नै निबन्ध हो (भण्डारी र अन्य, २०७१:२७५)।

"निबन्ध" शब्द संस्कृत तत्सम शब्दका रूपमा नेपाली भाषामा प्रचलित छ । बन्धन अर्थको बन्ध धातुमा घञ् (अ) प्रत्यय लागेर बन्ने बन्ध शब्दको अगाडि 'नि' उपसर्ग लागेर निबन्ध शब्द बन्दछ । नि + बन्ध + घञ् (अ) निबन्ध यस व्युत्पति अनुसार निबन्ध शब्दले राम्ररी बाँध्ने काम भन्ने अर्थ बुझाउँछ । यस आधारमा निबन्धलाई यसरी चिनाउन सकिन्छ । मनका भाव चिन्तन वा विचारलाई अभिव्यक्तिको कसिलो संरचनामा बाँधेर प्रस्तुत गरिएको साहित्यिक गद्य रचनालाई निबन्ध भनिन्छ (भण्डारी र अन्य, २०७१: २७५) ।

कुनै पनि साहित्यिक विधाको सर्वसम्मत परिभाषा गर्नु अत्यन्त कठिन कार्य हो । वर्तमान अवस्थामा निबन्धले आफ्नो शाब्दिक अर्थका विपरीत बन्धनहीन भन्ने अर्थ बोकेको छ । अङ्ग्रेजी 'एसे' शब्दको अर्थ हो 'प्रयास गर्नु' हुन्छ । निबन्धलाई परिभाषाहरूमा बाँध्न सकिन्छ । अनेक लेखकहरूले 'एसे' (निबन्ध) 'एसे' लेखक (निबन्धकारको कृति हो भनेर भनेका छन् ) । 'एसे' को अर्थ व्याप्ति अत्यन्त विस्तृत हुन्छ, त्यसो भन्दैमा यो स्वतन्त्र साहित्यिक विधा होइन भन्न मिल्दैन । विश्वमा यस्ता कैयौँ लेखक छन्, जो निबन्धकारका रूपमा विश्वविश्यात् छन् तथा उनीहरूका निबन्ध साहित्यका स्थायी सम्पत्ति हुन् (ढुङ्गेल र दाहाल, २०६५ : ३४५) ।

यसरी 'निबन्ध' शब्द संस्कृत शब्द भए पनि हाल आएर यसले अंग्रेजी Essay शब्दको पर्यायवाचीका रूपमा अर्थ ग्रहण गरेको छ । फ्रान्सेली 'Essai' को विकसित रूप

मानिने 'Essay' शब्दको शाब्दिक अर्थ हुन्छ प्रयत्न गर्नु निबन्ध विधाका जन्मदाता मानिने फ्रान्सेली विद्वान मिसल द पोन्तेलले आफ्ना छोटो - छोटो रचनाहरूको सङ्ग्रह (सन् १५८०) लाई 'Essais' नाम दिएर प्रकाशनमा ल्याएपछि यस विधाको विधि प्रारम्भ भएको तथा नामकरण समेत भएको हो । मोन्तेनले म नै मेरा निबन्धको विषयवस्तु हुँ किन भने मलाई सबभन्दा बढ्ता चिन्ने व्यक्ति म आफैँ हुँ भन्दै निबन्धलाई आत्म प्रकाशनको प्रयत्न ठानेका छन् । मोन्तेनको निबन्धसम्बन्धी यहि दृष्टिकोण तथा दृष्टिकोणको रचनात्मक प्रयोगसँगै निजात्मक निबन्धको परम्परा प्रारम्भ भएको देखिन्छ ( भण्डारी र अन्य, २०७१: २७५) ।

## २.२ निबन्धको परिभाषा

निबन्ध आफैँमा आएर लोकप्रिय विधाको रूपमा स्थापित भइसकेको निबन्धलाई विभिन्न पूर्वीय तथा पाश्चात्य विद्धानहरूले चिनाउने क्रममा आ-आफ्नै तरिकाले परिभाषित गरेका छन् ।

प्रमुख विद्वानहरूका निबन्धसम्बन्धी परिभाषाहरू निम्नानुसार रहेका छन् । मोन्तेनका अनुसार छरिएर रहेका विचार चिन्तनलाई सूत्रबद्ध गर्ने विशिष्ट विधा निबन्ध हो । जसमा वैयक्तिक भाव, आडम्वर शून्य भाषा र अनौपचारिक अभिव्यक्तियुक्त आत्मको प्रकाशन गर्ने विशृङ्खलित चिन्तन रहेको हुन्छ (भण्डारी र अन्य, २०७१: २७६)।

एच.अबराम्सका अनुसार कुनै विषयमा गरिएको अनुसन्धानात्मक लेखमा प्रस्तुत विचार बारे छलफल, धारणा, तथ्य, स्वीकृति बारेको कुनै सङ्क्षिप्त रचना नै निबन्ध हो । निबन्धमा (प्रबन्ध र शोध प्रबन्ध) व्यष्टिभन्दा समष्टि रूपमा गरिने व्यवस्थित र पूर्ण आत्म प्रदर्शन अभाव हुँदैन । फलतः निबन्धले हृदय छुने किसिमले अप्राविधिक रूपमा संस्मरणहरू उल्लेखनीय हाँसो र आँसुहरूको प्रस्तुति गर्दछ (ढुङ्गेल र दाहाल,२०६५ : ३४८) ।

बदरीनाथ भट्टराईका अनुसार निबन्ध विज्ञ मस्तिष्कबाट बहेको स्वच्छ, सुन्दर, रसिलो तथा खँदिलो विचारधारा हो । उठानदेखि बैठानसम्म सुसम्बन्द्ध हुँदै निराधार कुधारणालाई गलहत्याउने भावनाको भवन हो । अनि सत्य वस्तु देखाउने लेखकीय अन्तरज्योतिको शाब्दिक स्वरूप हो (ढुङ्गेल र दाहाल,२०६५ : ३४८) ।

वेब्स्टर शब्दकोशकाअनुसार निबन्ध त्यो विश्लेषणात्मक साहित्यिक रचना हो, जसमा व्यक्तिगत र सीमित दृष्टिकोण रहन्छ ।

जे डब्लु म्यारिटकाअनुसार उत्तम निबन्ध व्यक्तिगत शैलीमा लेखिएको विचारपूर्ण खोज अनुसन्धानात्मक लेख हो ।

नेपाली बृहत् शब्दकोशकाअनुसार कुनै एक विषयलाई लिएर कल्पनात्मक वा वस्तुगत पाराले गद्यमा लेखिएको छोटो साहित्यिक रचना, साहित्यको एक गद्य विधा हो ।

जे.ए. कडनकाअनुसार निबन्ध भनेको त्यस्तो रचना हो, जुन छन्दमा लेखिएका पोपका नैतिक निबन्धहरू बाहेक प्राय गद्यमा लेखिन्छ । यो बेकनका निबन्धहरू भौँ केही सय शब्दमा लेखिन सक्छ अथवा लकको मानवीय समभसम्बन्धी निबन्ध भौँ एउटा सिङ्गो पुस्तककार पनि हुनसक्छ । त्यसैगरी यसले औपचारिक अथवा अनौपचारिक रूपमा कुनै निश्चित विषय अथवा विभिन्न विषयहरूका बारेमा छलफल गर्दछ । यसको मूख्य विशेषता के हो भने यो अव्यक्त लचिलो तथा समस्त साहित्यिक रूपहरूमा उपयुक्त हुन्छ (ढुङ्गेल र दाहाल,२०६५ : ३४८) ।

डा. जोन्सनका अव्यवस्थित एवम् विश्रृङ्खलित विचार, अपरिपक्क भावना तथा अपरिपक्क एवम् अनियमित क्रम भएको लेख नै निबन्ध हो ।

रबर्ट लिन्डका अनुसार निबन्ध भनेको प्रसन्न मनस्थितिको ज्ञान अर्थात सामान्य मानसिक अवस्थाको अभिव्यक्ति हो ।

डा. नगेन्द्रकाअनुसार निबन्ध त्यस कलात्मक गद्य लेखनलाई भनिन्छ, वैयत्तिक दृष्टिकोण वर्णन हुन्छ र जुन आफ्नो सङ्क्षिप्त आकारमा स्वत : पूर्ण हुन्छ ( भण्डारी र अन्य, २०७१ : २७६) ।

क्र्याबका अनुसार अल्प प्रतिभा भएका लेखकद्वारा लेखिने र अल्प ज्ञान भएका पाठक मख्ख पर्ने लेख निबन्ध हो ।

लक्ष्मीप्रसाद देवकोटाका अनुसार निबन्ध **रौँचिरा दर्शन होइन,** न हो पाडित्य प्रदर्शनको ठ्यासफू ।........... यो एक किसिमको मनको जाललीले जगतमा लहडी माछा मार्ने कला हो । यो टेबिल गफ हो, चस्मादार अध्यापकको व्याख्यान होइन, न त बमन-

वेदान्त । यसमा ठर्रोपना हुँदैन , यो लचिकिन्छ र घनिष्ठता तिर ओर्लिन्छ ( भण्डारी र अन्य २०७१ : २७७)।

डा. ईश्वर बरालका अनुसार निबन्ध भनेको एक किसिमको कुरा गराइ हो । लेखकका मनका भावनाहरूलाई स्वागत कथनका रूपमा उद्गारित गराउने विधाविशेष निबन्ध हो ।

हृदयचन्द्र सिंह प्रधानका अनुसार निबन्धमा लेखकले कलमको पछिपछि दौडेर मात्र पुग्दैन्, पाठकहरूलाई प्रभावित पार्न कलमलाई हृदय पक्राउने कोसिस पनि गर्नुपर्छ । परिमार्जित र परिपक्क विचार एवम् दृष्टिकोणलाई व्याङ्ग्य, हास्य, ठट्यौलोपन र मामुली तवरबाट पोख्दै जानु पर्छ (भण्डारी र अन्य, २०७१ : २७७)।

भैरव अर्यालका अनुसार कुनै पनि विषयमा आफूले भनेको, सोचेका र मनमा लागेका कुरा रसिलो पाराले प्रकट गर्ने छरितो गद्य नै निबन्ध हो ।

उपर्युक्त विभिन्न पाश्चात्य र पूर्वीय विद्वानहरूका परिभाषाहरूलाई अध्ययन गरी निष्कर्षमा निबन्ध न कुनै विषयवस्तु भाव, वा विचारलाई व्यक्ति आत्माको रङमा घोलेर प्रस्तुत गरिने तथ्य विचारको सशक्तता र कल्पनाको तीव्रता भएको लघु कलेवरमा संरचित साहित्यको अनाख्येय गद्य विधा नै निबन्ध हो ।

## २.३. निबन्धको प्रकार

### २.३.१ आत्मपरक निबन्ध

निबन्धकारका आन्तरिक वा निजी व्यक्तित्व प्रकटीकरण भएका निबन्धहरूलाई नै आत्मपरक निबन्ध भनिन्छ । यस खाले निबन्धलाई वैयक्तिक निजात्मक र भावात्मक निबन्ध पनि भनिन्छ । यस्ता निबन्धमा व्यक्ति प्रधान र विषयवस्तु गौण बन्न पुग्दछ । अर्थात् यसमा व्यक्तिको भूमिका महत्त्वपूर्ण रहन्छ । यस अन्तर्गत विचारात्मक र भावात्मक निबन्धमा प्रत्यक्ष कथन पद्धति (प्रथम पुरूष शैली) लाई अँगालिएको हुन्छ । आत्मपरक निबन्धको विषय जे पनि हुन सक्छ ।

### २.३.२ वस्तुपरक निबन्ध

निबन्धकारका आन्तरिक व्यक्तित्व लुप्त बनी विषयको वर्णन विवरण एवम् विश्लेषण गरिएको वर्णन विवरण एवम् विश्लेषण गरिएका निबन्धलाई वस्तुपरक निबन्ध भनिन्छ । यस खालका निबन्धमा विषय वस्तुलाई प्रधान मानिन्छ  भने व्यक्तिलाई गौण रूपमा  लिइन्छ । यसमा कुनै पनि विषयको वर्णन र विवरणलाई अप्रत्यक्ष कथन पद्धति (तृतिय पुरूषशैली) मा प्रस्तुत गरिएको हुन्छ । यस्ता निबन्धमा निबन्धकारले कुनै पनि बिषयको वस्तु पक्षका बारेमा पाठकलाई बढीभन्दा बढी जानकारी दिने उद्देश्य राखेको हुन्छ । कुनै पनि बिषयको बाहिरी रूप रङदेखि आकार प्रकार गुण, दोष, स्वभाव, प्रकृति आदि विविध पक्षलाई जस्ताको तस्तै वर्णन गर्न सकिन्छ । वस्तुपरक निबन्धलाई वर्णात्मक, विवरणात्मक र विश्लेषणात्मक पक्षबाट व्यक्त गर्न सकिन्छ ।

## २.४. निबन्धका तत्त्वहरू

निबन्धलाई साहित्यको एक चर्चित र लोकप्रिय गद्य विधा मानिन्छ । यसमा कुनै विषयमाथि आफ्नो विचार प्रकट गरिन्छ । निबन्ध साहित्यको कान्छो विधा हो । निबन्धका तत्त्वहरूका बारेमा पनि विद्वानहरूमा एकरूपता नभई मतमतान्तर रहेको पाइन्छ । कुनै पनि साहित्यक आवश्यक विधा विशेषको निर्माणका लागि विभिन्न तत्त्वहरूको आवश्यक पर्ने भएकाले यस विधामा पनि त्यस्ता तत्त्वको आवश्यक पर्ने भएकाले निबन्धका तत्त्वहरूलाई निम्नानुसार व्यक्त गर्न सकिन्छ ।

### २.४.१ विषयवस्तु

निबन्ध विचार प्रधान साहित्यिक विधा हो यस विधामा स्रष्टाको भाव र विधाले मुख्य भूमिका खेल्दछ । असल निबन्धका लागि विषयवस्तु  प्रथम अपरिहार्य तत्व हो । विषय वस्तुभित्र मानवीय विचार, भाव, घटना, तर्क ,चिन्तन स्थान आदि समेत पर्दछन् । कुनै वस्तु अथवा घटनाको चोटबाट मानसिक हृदयमा प्रतिक्रिया जाग्दछ । कुनै पनि प्रस्फूटन वा प्रस्तुति नै निबन्ध भित्रको विषय वस्तु हो ।

### २.४.२ भाषाशैली

निबन्धमा कुनै पनि विषयलाई प्रस्तुत गर्न शैल्पिक आयोजना आवश्यक पर्दछ । शैली भनेकै परिष्कृत भाव र भाषाको एकीकृत रूप हो । निबन्धको विषय वस्तु कस्तो

भाषामा कुन तरिकाले प्रस्तुत गर्ने भन्ने कुरालाई भाषाशैली भनिन्छ । निबन्धमा प्रयोग गरिने भाषा निबन्ध कस्ता पाठकका लागि लेखिदै छ भन्ने कुरामा निर्भव हुन्छ । निबन्धमा प्रयोग हुने शैलीहरू धेरै हुन्छन् जसमा समास शैली पनि एक हो । यस शैलीमा विचारहरूको गठन, सघन र कसिलो रूपमा हुन्छ । त्यसैगरी समस्त पदहरू, सुगठित वाक्यहरू र कसिलो अभिव्यक्ति प्रदान गर्नु पनि यस शैलीको विशेषता हो । विषयको माग र निबन्धकारको व्यक्तिगत रूचि तथा प्रंकृति यस शैलीका निर्धारक तत्त्व हुन् । आफ्ना विचारलाई व्यक्त गर्न विचार प्रधान अनुसन्धानात्मक एवम् गम्भीर विषयहरूका लागि यो शैली उपयोगी र सार्थक हुन्छ । यस्तै शैलीहरूमा व्याँस शैली, धारा प्रवाह शैली, भावनात्मक शैली, चित्र शैली, आलङ्कारिक शैली, सुक्ति शैली तथा व्यङ्ग्य शैलीहरूमा रहेर निबन्धलाई व्यक्त गर्न सकिन्छ (ढुङ्गेल र दाहाल, २०६५:३५९) ।

### २.४.३ उद्देश्य

हरेक निबन्ध कुनै निश्चित उद्देश्यका लागि लेखिन्छन् । उद्देश्य निबन्धका लागि एउटा नभई नहुने तत्त्व हो, स्रष्टा आफू स्वतन्त्र रही सिर्जनामा तल्लीन हुन्छ तर आत्म निवेदन, सूचना सम्प्रेषण, अनुभव वर्णन ,घटना वर्णन आदि कुराहरू उद्देश्य बनेर आएका हुन्छन् । जीवन जगतका बारेमा पाठकलाई सूचना दिनु पनि निबन्धको उद्देश्य हो ।

### २.४.४ शीर्षक

कुनै पनि विषय केसँग सम्बन्धित रहेको छ भन्ने कुरा त्यसको शीर्षकबाटै पनि बुझ्न सकिन्छ । निबन्ध लेखनका क्रममा निबन्धको शीर्षक यो वा त्यो भन्ने हुँदैन बस विश्वका जुनसुकै विषयसँग सम्बन्धित शीर्षकहरू पनि निबन्धमा आउन सक्छन् रहन सक्छन् । शीर्षक कुनै एक शब्ददेखि वाक्यसम्मको पनि हुन सक्छ तर यहाँ बुझ्नु पर्ने कुरा एउटै छ आफूले के विषयमा लेख्दैछु या लेखेको गद्यांश तथा रचना केसँग सम्बन्धित रहेको छ ? त्यसका आधारमा शीर्षक निर्धारण हुन्छ ।

### २.४.५ दृष्टिविन्दु

निबन्ध लेखन कथन पद्धतिलाई दृष्टिविन्दु भनिन्छ । निबन्धको प्रस्तुति कुन दृष्टिविन्दुमा गर्नु पर्दछ भन्ने कुरा निबन्धको प्रकृतिमा भर पर्दछ । निबन्धकार आत्मपरक भए आन्तरिक दृष्टिविन्दु अर्थात् प्रथम पुरूषको कथन ढाँचामा आधारित भएर निबन्ध

लेखिन्छ भने निबन्धकार वस्तुपरक भए बाह्य दृष्टिविन्दु अर्थात तृतीय पुरूषको कथन ढाँचामा आधारित भएर निबन्ध लेखिन्छ ।

## २.५ निबन्धका विशेषताहरू

कुनै पनि विषयमा आधारित भई संवेदनायुक्त निजात्मक उद्देश्यपूर्ण र सुगठित शैलीमा विश्वसनीय ढङ्गले छरिएका विचारहरूको कसिलो सङ्गठन गरिएको लघु गद्यमय रचना नै निबन्ध हो र साहित्यका सन्दर्भमा विशिष्ट साहित्यिक गद्य रचना विशेषका रूपमा देखा परेको निबन्ध विधा अन्य साहित्यका तुलनामा नितान्त नयाँ र कान्छो विधा मानिन्छ । जसलाई निम्नानुसार देखाउन सकिन्छ :

१. निबन्ध सुगठित शैलीमा लेखिने लघु आयामको रचना हो ।
२. एउटै विचार र एउटै विषयको प्रस्तुति हुन्छ र विषयको सुव्यवस्थित विवरण हुन्छ ।
३. निबन्ध गद्य भाषामा लेखिन्छ ।
४. निबन्ध हृदय पक्ष र बुद्धि पक्षको सन्तुलित प्रयोग हुनुपर्दछ ।
५. निबन्धमा पाठसँग आत्मीयता स्थापित गर्ने शक्ति हुनुपर्दछ ।
६. निबन्धमा कुनै विषयका बारेमा मनोगत भावविचारको वा वस्तुगत सत्य तथ्यको अभिव्यक्ति गरिएको हुन्छ ।
७. निबन्ध लेखकका मनका निजी विचारलाई प्रस्तुत गर्ने माध्यम हो ।
८. निबन्ध प्रायः आख्यानरहित हुन्छ तापनि कुनै कुराको पुष्टिका लागि आख्यानको सहयोग लिए पनि आख्यान आवश्यक हुँदैन ।
९. शैलीगत विविधता पाइन्छ ।
१०. निबन्धमा लेखकको वैयक्तिक छाप परेको हुन्छ ।
११. निबन्धमा विषय चयनमा स्वतन्त्रता हुन्छ ।
१२. निबन्ध लेखकका मनका निजी विचारलाई प्रस्तुत गर्न माध्यम हो ।
१३. निबन्ध स्वच्छन्द र उन्मुक्त भए पनि आफैँमा पूर्ण हुन्छ ।

यसरी वास्तवमा निबन्ध औपचारिक गद्यमा व्यक्तिको मनोभावना प्रस्फुटित हुने आत्मप्रकाशनको माध्यम हो र यो साहित्यको स्वतन्त्र एवम् सिर्जनात्मक विधा हो । यो उन्मुक्त र स्वच्छन्द भए पनि आफैँमा पूर्ण रोचकता र सजीवता रहेको एवम् विचारको सशक्तता भएको साहित्यिक विधा हो ।

## २.६ निबन्ध शिक्षणका विधिहरू

मानव जीवनको विचारात्मक र भावनात्मक अव्यिक्ति निबन्ध हो निबन्ध शब्दले भाव र विचारलाई सुनियोजित र सुव्यवस्थित रूपमा बाँधेर प्रस्तुत गर्ने समसामहिक साहित्यक रचनालाई जनाउँछ । निबन्ध लेखन शिक्षण र निबन्ध विधा शिक्षण फरक-फरक कुरा हुन् । निबन्ध लेखन शिक्षणअन्तर्गत अनुकरणात्मक अभ्यासिक लेखन, निर्देशित लेखन तथा स्वतन्त्र लेखनका विभिन्न कार्यकलापहरू गराइन्छन् भने निबन्ध विधा शिक्षणअन्तर्गत साहित्यक विधाको रूपमा यसको आस्वादन लिने, भाव र विचार पक्डिने, शैलीगत विशिष्टता अनुभव गर्ने, बोध र खास गरी आत्मपरक अभिव्यक्तिको परिष्कार गर्ने उद्देश्यले यसको शिक्षणका कार्यकलापहरू तय गरिन्छन् । (शर्मा र पौडेल, २०६७ : ३६९) निबन्ध शिक्षणका विधिलाई निम्नानुसार उल्लेख गरिन्छ :

### २.६.१ प्रवचन विधि

निबन्ध लेखन वा शिक्षण प्रक्रियामा यस विधिको महत्त्वपूर्ण भूमिका रहन्छ । सामान्यतया यस विधिलाई व्याख्यान विधिकै रूपमा मान्न सकिन्छ । यसमा शिक्षकले पाठ्य निबन्धलाई त्यसको विभिन्न विशेषता, विषयवस्तु विशिष्ट अंश, कथ्य भाषाशैली आदिका बारेमा क्रमबद्ध प्रवचनद्वारा कथ्यमा प्रस्तुत गर्छन् । विषय अत्याधिक शास्त्रीय छ भने यस विधिको उपयोग आवश्यक हुन्छ तर यस विधिमा विद्यार्थीहरू निष्क्रिय श्रोता मात्र हुन जान्छन् किनभने शिक्षक सक्रियताका कारणले उनीहरूले कल्पना, तर्क एवम् विचार गर्ने अवसर पाउँदैनन् । फलतः शिक्षक केवल कुनै खास शीर्षकमा दिइएको भाषण वा व्याख्यान मात्र प्रतीत हुन्छ ।

### २.६.२ छलफल/प्रश्नोत्तर विधि

सामान्यतया छलफल भन्नाले आपसमा गर्ने कुराकानीलाई जनाउँछ । यस विधिमा पाठ्य निबन्धमा आधारित विभिन्न प्रश्न सोध्नका लागि प्रेरित गरिन्छ । विद्यार्थीहरूबाट प्रश्न नआएमा शिक्षकले नै प्रश्न सोधाइको सुरूवात गर्नुपर्छ यो विधि प्राचीन विधि हो ता पनि हिँजो आज यसको उपयोग उद्देश्य अनुसार भएको पाईंदैन । पहिले-पहिले यसको मुख्य उद्देश्य शिष्य आफ्ना जिज्ञासा गुरु समक्ष राखून र गुरु तिनको समाधान प्रवचनद्वारा गरिदिउन भन्ने हुन्थ्यो । अहिले विपरीत गुरू शिष्यहरूलाई प्रश्न सोध्छन् अनि

आफ्ना ज्ञानका आधारमा उनीहरू पाठ्य निबन्धसम्बन्धी उत्तर दिन्छन् । (शर्मा र पौडेल, २०६७ : २६९)

### २.६.३ सूत्र विधि

निबन्ध शिक्षण गर्दा विद्यार्थीहरूका लागि पाठ्य निबन्धका विभिन्न पक्षमा आधारित विभिन्न बुँदाहरू सूत्रका रूपमा दिइन्छ र उनीहरूलाई ती सूत्रका आधारमा उक्त निबन्धका सम्बन्धित पक्षहरू झल्काउने गरी विस्तार गर्न लगाइन्छ । यस विधिमा विद्यार्थीहरूलाई आधिकारिक अभिव्यक्तिको अवसर दिनु पर्छ । यस कार्यकलापमा विद्यार्थीहरूलाई निबन्धका विविध पक्षका आधारमा विभिन्न समूहमा बाँडेर समूह कार्यका रूपमा गर्न लगाउन सकिन्छ ।

### २.६.४ स्वाध्ययन विधि

यस विधिमा शिक्षकले पाठ्य निबन्धको कुनै एउटा वा सोभन्दा बढी पक्ष तोकि दिन्छन् र विद्यार्थीहरूले स्वयम् उक्त विषयका बारेमा पढी, खोजविन गरी आफ्नै बल, विवेक, अध्ययन, मनन र परिश्रमका आधारमा आफ्ना विचार, धारणा प्रकट गर्छन् ।

### २.६.५ समीक्षा विधि

साहित्यिक विधा शिक्षणका लागि जस्तै निबन्ध शिक्षणका लागि पनि महत्त्वपूर्ण विधाका रूपमा यस विधिलाई लिइन्छ । यस अन्तर्गत पाठ्य निबन्धका भाव वा विचार प्रस्तुति, भाषाशैली कला आदि पर्दछन् । विभिन्न पक्षको तुलना, विश्लेषण, छलफल जस्ता तरिकाले समीक्षा गरिन्छ । यस विधिको उपयोग गर्दा विद्यार्थीहरूलाई नै समस्या दिई सम्बद्ध निबन्धका आधारमा समाधान पहिल्याउन लगाउनु पर्छ । जसले गर्दा विद्यार्थी सक्रियता बढ्ने गर्दछ । निबन्धको गुण दोष पहिल्याइ निष्कर्ष निकाल्नु पर्ने हुँदा त्यसको सौन्दर्य र भाव दुबै पक्षलाई दृष्टिगत गराउनु आवश्यक हुन्छ ।

### २.६.६ पठनबोध विधि

निबन्ध विधाको मुख्य प्रयोजन बोध र अभिव्यक्ति क्षमताका साथै भाषाशैलीको अनुभव बढाउनु पनि उपयुक्त उपाय हो । विद्यार्थीहरूलाई पाठ्य निबन्ध पढ्न लगाइ

सारांश बताउन, बुँदा टिपोट गर्न, प्रश्नोत्तर गर्न, विशिष्ट पङ्क्तिको अर्थ पहिल्याउन र विशिष्ट पद तथा पदावलीको अर्थ बताउन उपयुक्त हुन्छ ।

### २.६.७. प्रस्तुतीकरण विधि

निबन्ध विधाका लागि शिक्षकले विभिन्न समूह बनाइ व्यक्तिगत रूपमा विद्यार्थीहरूलाई पाठ्य निबन्ध पढी त्यसका विभिन्न विशेषता पहिल्याउन सोदाहरण पुष्टि गर्न कक्षा वा गृहकार्य दिइ त्यसको प्रतिवेदन तयार गर्न लगाउने र कक्षामा त्यसको प्रस्तुति गराउने कार्यकलाप यस विधि अन्तर्गत पर्दछ । यस्तो प्रस्तुतिका बारेमा कक्षामा छलफल र टीका टिप्पणी गराई शिक्षकले आवश्यक सुधार सहित निष्कर्ष दिने गर्नु पर्छ । यसो गर्नाले विद्यार्थीहरूमा स्वाध्ययन गर्ने, विभिन्न सन्दर्भ सप्रमाण टीका टिप्पणी गर्ने जस्ता सकरात्मक प्रकृतिको विकास हुँदै जाँन्छ ।

## २.७ निबन्धका योजनाहरू

निबन्धलाई सुनियोजित ढङ्गले प्रभावोपादकता दिइ लेखनका लागि निबन्ध योजना बनाउनु पर्छ । राम्रो निबन्ध लेखन योजना बनाएर लेख्ने अभ्यास गर्नु पर्छ । यस्तो योजना बनाउँदा आफ्नो सामान्य ज्ञान भण्डारमा रहेको जानकारी, सूचना वा अनुभूति छुट्न हुँदैन । एउटै कुरा पटक-पटक दोहोऱ्याउनु हुँदैन । त्यस्तै तल पर्ने कुरा माथि र माथि पर्ने कुरा तल पर्ने गरी विशृङ्खलित पनि हुनु हुँदैन आदि मध्ये र अन्त्यको कम सुसङ्गठित हुनुपर्दछ । वैचारिक र सङ्गठनात्मक दृष्टिले असन्तुलन हुनु हुँदैन । निबन्ध योजनाले निबन्ध लेखन कसरी सुरू गरी के-के कुरा लेखेर अन्त्य गर्ने भन्ने दृष्टिकोण दिन्छ ।

### २.७.१ निबन्ध अघि गर्ने काम

यस अन्तर्गत शीर्षक, छनौट, सीमाङ्कन प्रापक निर्धारण, उद्देश्य निर्धारण, युक्ति अभिव्यक्ति वा शैली निर्धारण, बुँदा टिपोट अनुच्छेद योजना सम्मका कुरा पर्दछन् ।

### २.७.२ निबन्ध लेखनपछि गर्ने काम

निबन्ध लेखन पछि पनि भाषिक शुद्धता, वैचारिक स्पष्टता, सङ्गठनात्मक सन्तुलन (वाक्य-वाक्य र अनुच्छेद-अनुच्छेदको पूर्वापर सम्बन्ध तथा आरम्भ विकास, समाप्तिको क्रम)

रूचिपूर्णता पठनीयता, उद्देश्यको स्पष्टता आदि पक्षमा ध्यान दिई थप परिष्कार गर्ने कुरा यसमा पर्दछन् ।

### २.७.३ निबन्धको संरचना

निबन्धको संरचनालाई विभिन्न पक्षमा उल्लेख गरिएको छ :

**(क) अग्रभाग**

यस भागलाई निबन्धको विषय प्रवेश वा भूमिका भन्न सकिन्छ । यस भागलाई परिचय भूमिका वा प्रस्तावना पनि भन्ने गरिन्छ । यस भागमा निबन्धको मूल भाग विचार आदिलाई धारिलो, मिठो र प्रभावोत्पादक ढङ्गले प्रस्तुत गरिन्छ । यसको लम्बाइ १-२ अनुच्छेदको हुन्छ । पाठकमा यसलाई पढ्ना साथ पढौँ-पढौँ लाग्ने इच्छा जगाउने खालको हुनुपर्दछ ।

**(ख) मध्य भाग**

निबन्धको यस भागलाई विस्तार वा प्रसार भाग पनि भनिन्छ । वास्तवमा यो निबन्धको मुख्य भाग हो । यसमा निबन्ध लेखनका लागि छनौट गरिएका विषय शीर्षकसँग सम्बन्धित विविध कुराहरूलाई क्रमिक र सङ्गठित रूपमा प्रस्तुत गरिन्छ । यसको लम्बाइ अग्र वा अन्त्य भागको पाँच गुणा जति हुन्छ । यो भाग निबन्धको मुटु भएकोले यसमा महत्त्वपूर्ण कुराहरू दिइन्छ । यसरी यस भागमा निबन्धको विषय वस्तुको अङ्ग चिरफार वा विश्लेषण गर्ने भाग भनेर पनि भनिन्छ ।

**(ग) अन्त्य भाग**

निबन्धको यस भागलाई निष्कर्ष वा उपसंहार पनि भन्ने गरिन्छ । यसमा प्रभावपूर्ण तरिकाले विषय शीर्षकको निष्कर्ष राखिन्छ । यसको लम्बाइ अग्र भाग जतिकै हुन्छ । निबन्धको अन्तिम खण्ड भएकोले निबन्ध सार वा निचोड खँदिलो रूपमा दिइनु पर्छ । विशेष सावधानीका साथ आफ्नो मुलभूत मान्यता, विचार वा अनुभवलाई सशक्त तथा सुगठित एवम् पामाणिक र परिष्कृत रूपमा प्रस्तुत गर्नुपर्छ ।

## २.८ भाषिक  सिप र निबन्ध विधा

### २.८.१ भाषा पाठ्यक्रम

पाठ्यक्रम भन्नाले विद्यार्थीहरूलाई के पढाउने भन्ने कुराको हेक्का दिलाउने दस्तावेज हो । व्यापक अर्थमा यो विद्यालयको निर्देशनमा तयार गरिएको विद्यार्थीहरूको सिकाइ अनुभवहरूमा आधारित व्यवस्थित एवम् नियोजित शैक्षणिक कार्यक्रम हो । त्यसैले कसलाई पढाउने, किन पढाउने, के पढाउने, कति पढाउने, पढाइको प्रभावकारीता कसरी जाँच गर्ने आदि यावत् कुराहरूको सुस्पष्ट मार्ग निर्देशनका रूपमा पाठ्यक्रमलाई हेरिनु पर्छ र सोही अनुरूप सचेततापूर्वक निर्माण र उपयोग गरिनु पर्छ । पाठ्यक्रम भनेको एउटा व्यवस्थित शैक्षणिक योजना हो (शर्मा र पौडेल, २०६८:६०) ।

भाषा मानवीय सम्प्रेषणको आधार र माध्यम हो । विचार विनिमयको वाहक हो र मानव जगतका समग्र ज्ञान, विज्ञान, दर्शन, कला, सिप र कौशलहरूको संरक्षक एवम् सम्वर्द्धक स्रोत हो । मानवीय जीवनमा आवश्यक पर्ने समग्र काम कुरासम्बन्धी ज्ञानमूलक धारणा तथा अभिव्यक्तिमूलक सिप सम्पादन भाषाबाटै सम्पन्न हुन्छ । भाषा मानवीय वस्तु हो र मानव समाजमै यसको प्रयोग हुन्छ । भाषा भिन्ना भिन्नै किसिमका हुन्छन् । भौगोलिक दुरी क्षेत्रीयता, राष्ट्रियता र सामाजिकता, धार्मिकता, व्यावसायिकता, जातियता आदि कारणले भाषा फरक फरक किसिमका हुन्छन् (शर्मा र पौडेल, २०६७:४) ।

भाषा मानवीय सामाजिक वस्तु हो । यो मानव मात्रको पेवा हो र समाजद्वारा पिँढी परपिँढी हुँदै प्राप्त हुने वस्तु हो । भाषाको आर्जन व्यक्तिले समाजबाट गर्छ र सामाजिक सम्पर्क स्थापित गर्न तथा बृद्धि गर्न यसको उपयोग ऊ समाजमै गर्छ । विभिन्न ज्ञान विज्ञान तथा क्रियाकलापहरू पनि भाषाकै माध्यमबाट चलिरहेका हुन्छन् । विद्यार्थी र विद्यालय पनि समुदायकै एक पक्ष भएकाले विद्यालयलयमा अध्ययन गर्ने विद्यार्थीहरूमा भाषिक सिप विकासका निर्मित भाषा पाठ्यक्रमको आवश्यकताको पहिचान गरी पाठ्यक्रममा समसमायिक सुधार गरिरहनु आवश्यक हुन्छ । भाषा शिक्षणलाई उद्देश्यमूलक बनाउन भाषिक सिपसँग  सम्बन्धित बोध तथा अभिव्यक्ति क्षमताको पहिचान र आर्जन गर्नका लागि विभिन्न विधा जस्तै कथा, कविता, जीवनी, निबन्ध, प्रबन्ध, रूपक जस्ता विधाहरूलाई पाठ्यक्रम नै समावेश गराएका हुन्छन् । पाठ्यक्रम एउटा शैक्षिक योजना भएकोले भाषा पाठ्यक्रमले विद्यालय भित्र र विद्यालय बाहिर हुने सम्पूर्ण अनुभव तथा

सिपलाई समेट्ने गर्दछ । भाषिक दक्षता अभिवृद्धि र बोध अभिव्यक्ति सिप विकासमा जोड दिनु, ज्ञान सिप र अभिवृद्धलाई सन्तुलित रूपमा विकास गर्नु भाषिक सिपहरू सुनाइ, बोलाइ, पढाइ र लेखाइको समुचित विकास गर्नु रहेको हुन्छ । यसरी कुनै पनि तह वा कक्षाका लागि भाषा शिक्षण गर्ने वा लक्षित भाषाका सिप समभ्कहरू स्तर अनुकुल विकास गर्नका लागि नै भाषा पाठ्यक्रमको आवश्यकता पर्दछ ।

### २.८.२ भाषा पाठ्य पुस्तक

पाठ्य पुस्तक शिक्षण सिकाइ प्रक्रियाको महत्त्वपूर्ण साधन हो । पाठ्य पुस्तकमा मानिसका अनुभव, विचार, अनुभूति सोचाइहरू संरक्षित हुने भएकाले ज्ञानको संरक्षण गर्दै नयाँ पुस्तालाई हस्तान्तरण गर्न महत्त्वपूर्ण रूपमा सहयोग पुऱ्याउने सामग्रीका रूपमा पाठ्य पुस्तकलाई लिइन्छ । पाठ्य पुस्तक बिना शिक्षा प्रणाली अधुरो र असफल हुने भएकाले पाठ्य पुस्तक एउटा ज्ञान सिप र क्षमता अभिबृद्ध गर्ने माध्यम हो ।

पाठ्यक्रमका अपेक्षाहरू पुरा गर्न विभिन्न किसिमका स्रोत र सामग्रीहरूको आवश्यकता पर्दछ । पाठ्यक्रम एक्लैले शिक्षण सिकाइका अपेक्षाहरू हासिल गर्न सक्दैन । शिक्षक, विद्यार्थी, शिक्षण गर्ने उपयुक्त स्थान, भवन, फर्निचर तथा विभिन्न पाठ्य सामग्रीहरूको संयुक्त प्रयासबाट पाठ्यक्रमका मर्म र अपेक्षाहरूलाई पुरा गर्न सकिन्छ । पाठ्यक्रमले निर्देशित गरेका उद्देश्य, तय गरेका विषयवस्तु वा पाठ्यवस्तु सूचित गरेका शिक्षण प्रक्रिया र मूल्याङ्कन प्रक्रिया तथा पाठ्य सामग्रीहरूलाई सङ्गठित, व्यवस्थित एवम् सुसिक्य हुने निर्धारण, क्रमाङ्कन, व्याख्यान तथा अभ्यास कार्यलाई प्रस्तुत गर्ने सबैभन्दा भरपर्दो र आधिकारिक सामग्रीलाई पाठ्य पुस्तक भनिन्छ (शर्मा र पौडेल , २०६८:२११) ।

कुनै पनि पाठ्य पुस्तक सम्बन्धित विषयका, पाठ्यक्रमका उद्देश्य तथा प्रयोजन अनुरूप नै निर्माण गरिएका हुन्छन् । शिक्षक र विद्यार्थी दुबैको साभ्का सामग्री नै पाठ्य पुस्तक हो । यो बिना शिक्षण  सिकाइ अधुरो हुन जान्छ । शिक्षण सिकाइका अन्य साधन नभएको हाम्रो जस्तो देशमा यही एउटा पाठ्य पुस्तकमा भर परेर नै विद्यालयमा हुने सम्पूर्ण कार्यकलाप गर्नु पर्ने हुन्छ । शिक्षण विधाका विभिन्न क्षेत्रहरू मध्ये निबन्ध विधा पनि महत्त्वपूर्ण गद्य विधा हो । भाषिक सिप विकास तथा अभिवृद्धि क्षमतालाई विकास गर्नका लागि निबन्ध प्रबन्धलाई पाठ्य पुस्तकमा समावेश गरिएको हुन्छ र त्यसैका माध्यमबाट सिकाइ प्रक्रियालाई अगाडि बढाइन्छ । पाठ्य पुस्तकमा जुन पाठ्यक्रमले तोकेका उद्देश्य र

प्रयोजन लागु गर्न तथा विषय वस्तु प्रतिको रूचि, पूर्वज्ञान उपलब्धि स्तर कक्षा सहभागिता शिक्षक सक्षमता, स्थानीय साधन स्रोत पाठ्यक्रमको मर्म र भावनालाई दृष्टिगत गरी बालमैत्री, सिकाइ मैत्री, पाठ्य पुस्तकलाई ख्याल गरी निबन्ध विधालाई पनि पाठ्य पुस्तकमा समावेश गरिएको छ ।

भाषापाठ्य पुस्तकले भाषापाठ्यक्रमका सैद्धान्तिक कुराहरूलाई व्यवहारिक कार्यकलाप तथा प्रक्रियामा ढालेर उद्देश्य पूर्ती गर्न महत्त्वपूर्ण एवम् प्रभावकारी भूमिका खेल्दछ । नेपाली भाषालाई स्तरीय बनाउनका लागि नेपाली विषयको पाठ्य पुस्तकका सन्दर्भमा यस पाठ्य पुस्तकले भाषिक सिपहरू (सुनाइ, बोलाइ, पढाइ र लेखाइ)मा सक्षम गराउन विभिन्न विधाको समावेश गरिएको हुन्छ । जसमा निबन्ध विधालाई पनि समेटेको हुन्छ ।

### २.८.३ लेखाइ सिप

लेखाइ सिप भनेको लिखित माध्यमद्वारा आफ्ना अभिव्यक्ति प्रस्तुत गर्ने माध्यम नै लेखाइ हो । भाषा सिक्नका लागि लेखाइ सिपको पनि उत्तिनै महत्त्व रहेको हुन्छ । भाषा सिकाइलाई पूर्णता दिनका लागि भाषिक सिपको विकास हुन जरूरी छ । सुनाइ, बोलाइ र पढाइ सिपको राम्रो विकास भएको छ तर लेखाइसम्बन्धी कुनै जानकारी नै छैन भने त्यो भाषा सिकाइ अधुरो नै रहन्छ, पूर्ण भएको मानिदैन । जबसम्म भाषिक सिपको राम्रो विकास हुन सक्दैन तब सम्म भाषा सिकाइ पूर्ण रूपमा रहेको मानिदैन । यसकारण भाषा सिकाइमा भाषिक सिपको महत्त्वपूर्ण भूमिका रहन्छ (रेग्मी, २०६९:२३) ।

भाषाका चार सिपमध्ये लेखाइ एक प्रदानात्मक सिप हो । सुनेका, देखेका, बोलेका र पढेका कुरालाई सिलसिला मिलाएर प्रस्तुत गर्ने कार्य नै लेखाइ सिप हो । आफ्ना अभिव्यक्तिलाई लिपिबद्ध रूपले व्यक्त गर्ने माध्यम लेखाइ हो । अभिव्यक्तिको मौखिक माध्यमलाई बोलाइ भनेर चिनिन्छ, भने त्यसको लिखित माध्यम लेखाइ हो । टाढा रहेका व्यक्तिसम्म आफ्ना भावना पुऱ्याउन, कुनै प्रसङ्ग वा विचारमा आएका कुरालाई दीर्घकालसम्म सञ्चित गरेर राख्न, दैनिक व्यवहारिक कार्य सम्पन्न गर्नु सिर्जनात्मक प्रतिभाको विकास गर्न, लेखाइ सिपको विशेष खाचो पर्दछ । लेखाइ सिप विकासका लागि विभिन्न लेखन कार्यकलाप गराउनुका साथै निबन्ध लेखन कार्यकलाप गराउनु पनि महत्त्वपूर्ण हुन्छ । निबन्ध लेखन कार्यकलापबाट विद्यार्थीहरूको विचार भावनालाई व्यक्त

गर्नुका साथै सिर्जनात्मक अभिव्यक्ति क्षमताको विकासका लागि महत्त्वपूर्ण भूमिका खेल्दछ, त्यसकारण लेखाइ सिप विकास गर्नका लागि निबन्ध विधा पनि एक उत्कृष्ट माध्यम मानिन्छ ।

### २.८.४ लेखाइ शिक्षणको आवश्यकता र महत्त्व

भाषा शिषण सिपको शिक्षण हो । भाषिक सिपका महत्त्वपूर्ण सिप मध्ये लेखाइ सिप एक व्यवहारिक सिप हो । आफ्ना अनुभव एवम् विचारलाई लिपिबद्ध गर्नु नै लेखाइ हो । बोलेका कुरा क्षणभर मै सकिने हुँदा त्यसलाई लामो समयसम्म प्राप्त हुने गरी लिपिबद्ध गर्न काम लेखाइबाट मात्र सम्भव हुन्छ । हरेक परिस्थितिमा अभिव्यक्त विचार र भावनालाई लेखाइका माध्यमले सुरक्षित राख्न वा प्रापकसमक्ष पुऱ्याउन लेखाइ महत्त्वपूर्ण हुन्छ । कसैको मनको विचारलाई बोलाइबाट व्यक्त गर्न सकिने भएपनि यो चिरस्थायी हुदैंन तर मनमा लागेका कुरा लेखाइका माध्यमले टाढा-टाढासम्म पुऱ्याउन सकिनुका साथै त्यो लेखाइ लामो समयसम्म राख्न सकिन्छ । कुनै पनि कुरालाई संञ्चित सुरक्षित एवम् सङ्गठित रूपमा भविष्यका लागि समेत उपयोग गर्न सकिने बनाउन लेखाइको महत्त्वपूर्ण भूमिका रहन्छ ।

सिर्जनात्मक शक्तिको विकास तथा लेखनमा गति क्रमबद्धता र सङ्क्षिप्तता ल्याउन पनि लेखाइ शिक्षणको महत्त्वपूर्ण भूमिका रहन्छ । लेखनकला आफैँमा महत्त्वपूर्ण अङ्ग हो । विद्यालय तहदेखि नै लेखाइ शिक्षणलाई शिक्षण सिकाइ प्रक्रियाको महत्त्वपूर्ण अङ्गका रूपमा लिइन्छ । अन्य शैक्षिक क्रियाकलापहरू लेखाइको सेरोफेरोमा सञ्चालित हुन्छन् । लेखनकलामा कमजोर विद्यार्थीहरूले अपेक्षित सिकाइ उपलब्धि हासिल गर्न सक्दैनन् । विद्यार्थीहरूमा सिर्जनात्मक क्षमताको विकास गराउन भाषाका चारवटै सिपको उत्तिकै महत्त्व रहे पनि लेखाइ सिपको झनै महत्त्व छ । हाम्रो देशको शैक्षिक क्षेत्रमा विद्यालय तहदेखि उच्च तहसम्म लेखाइमात्र विद्यार्थीको बौद्धिकता जाँच्ने कसीका रूपमा प्रयोग हुँदै आइरहेको छ । यस्तो अवस्थामा विद्यार्थीहरूले तह पार गर्न गराउन पनि लेखाइ सिप शिक्षणको आवश्यकता हुन्छ । अतः रचनात्मक क्षमताको विकास गर्न गराउन लेखाइमा गति क्रमबद्धता र स्पष्टता ल्याउन पनि लेखाइ सिप नै सहयोगी बनेको हुन्छ । विभिन्न विषयमा अभिव्यक्तिहरूलाई प्रसङ्ग अनुकुलको भाषाशैलीको छनोट गरी उपयुक्त

हिज्जे, विराम चिन्ह, अनुच्छेदबद्धता जस्ता कुराहरू र व्याकरणसम्मत भाषाको प्रयोग गर्ने कुशलता बढाउने पनि लेखाइ सिपको आवश्यकता पर्दछ ।

लेखाइ शिक्षणका लागि अनुलेखन, चिठीलेखन कथा लेखन, जीवनी लेखन, निवेदन लेखन, टिपौट, दैनिकी आदि कार्यकलापहरू गरेर शिक्षण सिकाइ प्रभावकारी बनाउन सृर्जनात्मक प्रतिभा विकास गर्नका लागि लेखन वा लेखाइ शिक्षण अति आवश्यक पर्दछ ।

## २.९ लेखाइ सिपको विकासमा निबन्ध लेखनको भूमिका

भाषा व्यक्तिको अपरिहार्य वस्तु हो । व्यक्ति भाषाकै चौघेरोमा जन्मिन्छ  र त्यही भाषिक वातावरणमा हुर्कदैं जान्छ । यही हुर्काइ वा उमेर बृद्धिका क्रममा व्यक्तिमा भाषाका मौखिक र लिखित दुई रूपहरू विकसित गराउँदै लैजान्छ । मौखिक भाषा व्यक्तिको भावात्मक माध्यम भएकाले विचार विनिमयका लागि सरल, सुगम र प्रभावकारी हुन्छ । तर मौखिक माध्यमले मात्र मानवीय समाजमा विचार भावनाहरू पुरा नहुने हुनाले लिखित भाषाको पनि प्रयोग हुने गर्छ । आफ्ना सङ्केतहरूलाई लिपिको उपयोग गरेर अभिव्यक्त गर्न लिखित भाषाको नै आवश्यक पर्छ । लेखाइबाट मानिसले आफ्नो विचार भावना ज्ञान विज्ञानका क्षेत्रमा उपलब्ध गरेका प्राप्ति र उपदेयताहरूलाई संरक्षित गरेर आफ्नो अभिव्यक्ति क्षमताको विकासमा सहयोग पुऱ्याउँछ ।

निबन्ध पनि एउटा यस्तो विधा हो, जसले आफ्ना विचार भावनालाई सुनियोजित र सुव्यवस्थित रूपमा बाधेर, अभिव्यक्त गर्ने गद्य विधा हो । मूलत : निबन्धलाई विचार प्रधान विधाका रूपमा चिनिन्छ । कुनै विषय शीर्षकमा केन्द्रित रहन्छ । त्यससम्बन्धी विषय वस्तुलाई विस्तारित गर्दै गद्यमा क्रमबद्ध र व्यवस्थित ढङ्गले प्रस्तुत गरिने वस्तुपरक वा आत्मपरक अभिव्यक्ति निबन्ध हो । निबन्ध लेखनले प्रौढताको अपेक्षा गर्ने भएता पनि विद्यार्थीहरूको तहगत क्षमतालाई ख्याल गरेर उनीहरूलाई निबन्ध लेखनमा सहभागि गराउन सकिन्छ । निबन्ध लेखन प्रयोजनपरक र सिर्जनात्मक दुबै पक्षलाई समेटेर कुनै विषय वस्तुमा ज्ञान गराउन सूचना प्रदान गर्न पक्ष वा विपक्षमा सहमत वा असहमत गराउन खोज्नु निजी अनुभव वा कल्पना बाँड्नु र यथार्थ वा काल्पनिक घटनाहरूको वर्णन गर्नु आदि मध्ये कुनै एक उद्देश्यले निबन्ध लेखन गर्न सकिन्छ । साथै लेखनबाट विद्यार्थीको शब्दभण्डारको बृद्धि तथा विभिन्न ग्रन्थहरूबाट विचार प्राप्ति गरेर बौद्धिकताको विकास गर्न सकिन्छ । अन्य पक्षहरूका क्रियाकलाप जस्तै निबन्ध लेखन पनि

लेखाइ सिप विकास गर्ने महत्त्वपूर्ण क्रियाकलाप हो । निबन्ध लेखनको मुख्य उद्देश्य नै निबन्ध लेखन सिप हाँसिल गर्नु हो । लेखाइ सिपको विकासमा निबन्ध सामान्यतया प्राथमिक तहदेखि सुरूवात गरी विश्व विद्यालय तह सम्मका पाठ्य पुस्तकमा निबन्ध समावेश गरिएका हुन्छन् । बालबालिकाहरूबाट नै उनीहरूको लेखन कला वृद्धि गर्नका लागि निबन्ध लेखनलाई महत्त्वपूर्ण लेखाइ सिपको रूपमा लिइन्छ । यो एउटा लेखन कलाको क्षमता बढाउनका लागि उत्कृष्ट क्रियाकलाप मानिन्छ । निबन्ध लेखन कलामा वर्ण विन्यासगत, व्याकरणगत, शब्दभण्डारगत, चिन्ह प्रयोग वाक्यगठन, विषयवस्तुको आदि, मध्य र अन्त्यको प्रस्तुतीकरण जस्ता लेखाइसम्बन्धी सम्पूर्ण नियमहरू समावेश भएका हुन्छन् । यसरी निबन्ध लेखनको क्रियाकलापबाट विद्यार्थीहरूको धारणात्मक , भावात्मक, प्रयोगात्मक, संज्ञानात्मक, आदि जस्ता पक्षमा विकास गराउन निबन्ध लेखन सिकाइ सिपमा महत्त्वपूर्ण भूमिका रहन्छ ।

## २.१० विद्यालय तहमा निबन्ध शिक्षणको प्रयोजन/आवश्यकता

विद्यार्थीमा गद्यात्मक अभिव्यक्तिको बोध क्षमताका साथै लिखित अभिव्यक्तिको क्षमताको विकास गर्नु निबन्ध विधाको मुख्य प्रयोजन हो । विभिन्न विषय क्षेत्रसँग सम्बन्धित शब्द भण्डारको विकास गर्न तथा अभिव्यक्ति बोधको अभ्यासका लागि गहन पठन र गहन बोध विकासका लागि निबन्ध महत्त्वपूर्ण मानिन्छ । गद्य विधाको एक महत्त्वपूर्ण विधा निबन्ध विधा स्वतन्त्र विधा हो । निबन्धमा व्यक्तिगत, विषयगत,भाषागत तथा प्रस्तुतीकरणगत फरक बैशिष्टय पाइन्छ । प्रस्तुतीकरण विचारको सङ्गठन, वाक्य गठन तथा अनुच्छेद गठन आदिका दृष्टिले उच्च कोटिको विधा निबन्ध हो । निबन्ध मूलत : आत्मपरक र वस्तुपरक गरी दुई प्रकारको हुन्छ । विद्यालय तहमा खासगरी वर्णानत्मक निबन्ध शिक्षण गरिन्छ । विद्यालय तहमा निबन्ध शिक्षण गर्दा अनुच्छेद बद्धता, अनुच्छेद अनुच्छेदबिचको अन्तर सम्बन्ध आदि कुरामा ध्यान दिनु त्यतिकै आवश्यक हुन्छ । निबन्धले विद्यार्थीहरूका विचार भावना आदिलाई सङ्गठित रूपमा व्यक्त गर्न सिकाउने र लेखाइ सिप विकास गर्ने हुनाले शिक्षणका सन्दर्भमा यो निकै महत्त्वपूर्ण गद्य विधा मानिन्छ । यसको विषय जुनसुकै क्षेत्रसँग पनि सम्बन्धित हुन सक्ने साथै, साहित्यिक शिक्षणका दृष्टिले विविध उद्देश्यका लागि उपयोग गर्न सकिन्छ ।

विद्यालयमा निबन्ध विधा शिक्षण गर्नुको प्रयोजन/आवश्यकतालाई निम्न बुँदामा उल्लेख गरिन्छ :

१. मौखिक चिन्तनलाई लिखित रूपमा अभिव्यक्त गर्नु ,

२. पढेका लेखेका र देखे सुनेका कुराहरूलाई सिलसिला मिलाई लिखित रूपमा व्यक्त गर्नु ,

३. आफ्ना विचारहरूलाई सङ्गठित रूपमा प्रस्तुत गर्नु ,

४. भाषिक सुझको विकास गर्नु ,

५. बोध क्षमताको विकास गर्नु ,

६. सिर्जनात्मक क्षमताको विकास गर्नु ,

७. शब्द भण्डारको विकास गर्नु ,

८. पढन बोधको क्षमता बढाउनु ,

९. साहित्यिक अभिरूचि बढाउनु ,

१०. लेख्य भाषाको प्रौढ स्वरूपसँग परिचित हुनु ,

११. भाषा तत्वको प्रयोगात्मक पक्षको पहिचान गर्नु ,

१२. विचारलाई सङ्गठित रूपमा प्रस्तुत गर्नु ,

१३. लेखाइ सिपलाई स्तरीय बनाउनु ,

## २.११ निम्न माध्यमिक तहको पाठ्यक्रममा निबन्ध विधाको स्थान

कुनै पनि विषय वस्तुलाई विस्तारित गर्दै गद्यमा क्रमबद्ध र व्यवस्थित ढङ्गले प्रस्तुत गरिने वस्तुपरक वा आत्मपरक अभिव्यक्ति नै निबन्ध हो ।  निबन्ध लेखन लेखन कलाको महत्त्वपूर्ण क्रियाकलाप हो । यसमा स्वतन्त्र र निर्देशित दुवै किसिमका अभ्यास गराई विद्यार्थीहरूमा निबन्ध सिप हासिल गर्न र आफ्ना वस्तु तथ्यात्मक, भावनात्मक वैचारिक आदि अभिव्यक्तिलाई विस्तारपूर्वक प्रतिपादन गरेर स्वरूपमा प्रस्तुत गरिने सिप आर्जन गर्न निबन्ध लेखन महत्त्वपूर्ण क्रियाकलापको रूपमा रहन्छ । विद्याार्थीहरूलाई निम्न माध्यमिक तथा माध्यमिक तहदेखि नै निबन्ध लेख्ने अभ्यास गराउनका लागि वर्तमान निम्न माध्यमिक र माध्यमिक पाठ्यक्रममा निबन्ध विधाको समेत विधागत स्थान दिइएको छ ।

निबन्ध लेखन लेखाइ अथवा लेखनकलाको महत्त्वपूर्ण कार्यकलाप हो । यसका लागि विद्यार्थीहरूमा प्रशस्त पौढताको आवश्यकता पर्दछ । यसमा स्वतन्त्र र निर्देशित दुबै किसिमका अभ्यास गराउन सकिन्छ । यसका लागि अनुच्छेद लेखनका निम्ति उपयोगी हुने

खालका शीर्षकहरू नै पनि दिन सकिन्छ । निबन्धको मूख्य उद्देश्य निबन्ध लेखन सिप हासिल गर्नु र आफ्ना वस्तु तथ्यात्मक, भावनात्मक, वैचारिक आदि अभिव्यक्तिलाई विस्तारपूर्वक प्रतिपादन गरेर सो प्रतिपादनलाई पूर्वापर कर्म मिलाई श्रृङ्खलाबद्ध रूपमा प्रस्तुत गर्ने सिप आर्जन गर्नु हो । विद्यार्थीहरूले निम्न माध्यमिक तहदेखि नै निबन्ध लेख्ने अभ्यास गर्छन् र प्रविणता, प्रमाणपत्र वा उच्च माध्यमिक तहमा आएर त्यसैको स्तरीकरणात्मक अभ्यास गर्छन् (शर्मा र पौडेल, २०६८:३८७) ।

निबन्ध विधाले स्वतन्त्र विधाका रूपमा पाठ्यक्रम र पाठ्य पुस्तकमा स्थान पाएको पाइन्छ । निम्न माध्यमिक तह भन्नाले ६,७, ८ लाई जनाउँछ । यस पाठ्यक्रमले नेपाली विषयगत विधागत क्षेत्र निर्धारणका क्रममा निबन्ध, प्रबन्ध, कथा, कविता, चिठी, जीवनी, रूपक, व्याकरण तथा शब्दभण्डार जस्ता क्षेत्रलाई समेटेको छ । यस तहमा विद्यार्थीहरू स्तर अनुसारका विषयहरूमा सन्दर्भ र सिलसिला मिलाई मौलिक स्थापना गर्न तथा मौलिकतालाई सिलसिला मिलाई लेख्न सक्षम हुन्छन् भन्ने अपेक्षा राखिनुबाट लेखाइ सिपको विकास अर्थात् लेखन क्षमताको विकास गराउन पाठ्यक्रमको महत्त्व रहन्छ ।

# अध्याय : तिन

# व्याख्या र विश्लेषण

प्रस्तुत अध्ययनबाट कैलाली जिल्लाभित्र पर्ने कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमता पहिल्याउने उद्देश्य राखिएको छ । यस उद्देश्यको परिपूर्तिका लागि कैलाली जिल्लाभित्रका जम्मा ८ वटा विद्यालयका ८० जना विद्यार्थीहरूबाट अध्ययनका लागि तथ्य सङ्कलन गरिएको छ । सो तथ्यहरूलाई विभिन्न आधारमा विश्लेषण गर्ने दृष्टिकोण राखि व्यवस्थित गरिएको छ । व्याख्या तथा विश्लेषणलाई पूर्णता वस्तुगत रूप दिन प्रतिशतबाट गणनाको विश्लेषित तरिकालाई अगाडि सारिएको छ । यस शोध कार्यमा विश्लेषणका लागि अपनाइएको विभिन्न विधि तथा प्रविधिहरूको विस्तृत विवरणका साथै चलहरूको विश्लेषित स्वरूप निम्नानुसार रहेका छन् ।

## ३.१ समग्रमा विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको स्थिति

प्रतिशतका आधारमा समग्र विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको स्थिति अन्तर्गत यस अध्ययनमा समावेश गरिएका ८० जना विद्यार्थीहरूको निबन्ध लेखन क्षमता मापन गर्ने प्रयास भएको छ । यस अन्तर्गत प्रतिशत गणनाका आधारमा समग्र विद्यार्थीहरूको निबन्ध लेखन क्षमतालाई तलका तालिका र रेखाचित्रमा, शीर्षक र उपशीर्षकमा देखाउने काम भएको छ ।


### ३.१.१ प्रतिशतका आधारमा समग्र विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको स्थिति

तालिका १ : प्रतिशतका आधारमा समग्र विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको स्थिति

| कुल सङ्ख्या | २५ % भन्दा कम | | ५० % भन्दा कम | | ५० % भन्दा बढी | | ७५ % भन्दा बढी | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ८० | १७ | २१.२५ | २२ | २७.५ | २३ | ४१.२५ | ८ | १० |

उपर्युक्त तालिकाअनुसार प्रतिनिधि नमुना छनोटका कुल सङ्ख्या ८० मध्ये २५ प्रतिशत भन्दा कम निबन्ध लेखनक्षमता भएका विद्यार्थीको सङ्ख्या १७ जना रहेका छन् । जसमा (२१.२५) प्रतिशत रहेको छ भने २५ प्रतिशत भन्दामाथि र ५० प्रतिशतभन्दा कम विद्यार्थी सङ्ख्या २२ जना २७.५ प्रतिशत रहेको छ । ५० प्रतिशत भन्दामाथि र ७५ प्रतिशतभन्दा कम निबन्ध लेखन क्षमता भएका विद्यार्थीको सङ्ख्या ३३ (४१.२५) प्रतिशत

रहेको छ । यसै गरी ७५ प्रतिशतभन्दा बढी निबन्ध लेखन क्षमता भएका विद्यार्थी सङ्ख्या ८ जना १० प्रतिशत रहेको छ । यसरी समग्रमा हेर्दा विद्यार्थीको निबन्ध लेखन क्षमता कमजोर रहेको देखिन्छ । जसलाई रेखा चित्रमा प्रस्तुत गरिएको छ :




चित्र १ : प्रतिशतका आधारमा समग्र विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको स्थिति


### ३.१.२ सरकारी विद्यालयका विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको प्रतिशताङ्क स्थिति

तालिका २ : सरकारी विद्यालयका विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको प्रतिशताङ्क स्थिति

| कुल सङ्ख्या | २५ % भन्दा कम | | ५० % भन्दा कम | | ५० % भन्दा बढी | | ७५ % भन्दा बढी | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ४० | ९ | २१.५ | १३ | ३२.५ | १३ | ३२.५५ | ५ | १२.५ |

उपर्युक्त तालिकाअनुसार चार श्रेणी निर्धारण गरी निबन्ध लेखनको प्रतिशताङ्क पहिचान गर्न सरकारी विद्यालयका विद्यार्थीहरूबाट नमुना प्रतिनिधि जनसङ्ख्याको रूपमा ४० जना विद्यार्थीहरूलाई चयन गरिएको देखिन्छ । प्रस्तुत अध्ययनमा तल्लो श्रेणीका रूपमा निर्धारण गरिएको २५ प्रतिशत भन्दा कम निबन्ध लेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ९ जना (२१.५%) रहेको देखिन्छ भने ५० प्रतिशत भन्दा कम र ५० प्रतिशत भन्दामाथि १३ (३२.५%) जना रहेको देखिन्छ । त्यसैगरी ७५ प्रतिशत भन्दामाथि क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ५ जना (१२.५%) रहेको देखिन्छ । यसरी सरकारी

विद्यालयमा समग्रमा विद्यार्थीको निबन्ध लेखन क्षमताको स्थितिलाई केलाउँदा सरकारी विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमता न्यून रहेको पाइन्छ । जसलाई निम्नानुसार रेखा चित्रमा देखाउन सकिन्छ ।




चित्र २ : सरकारी विद्यालयका विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको प्रतिशताङ्क स्थिति

## ३.२. निजी विद्यालयका विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन

प्रस्तुत अध्ययनमा कैलाली जिल्लाका ४ निजी विद्यालयलाई नमुनाका रूपमा छनोट गरिएको छ छनोटमा परेका ४ निजी विद्यालयका १०/१० जनाका दरले जम्मा ४० जना विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको स्थिति निम्नानुसार रहेको छ :


### ३.२.१. निजी विद्यालयका विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको प्रतिशताङ्क स्थिति

तालिका ३ : निजी विद्यालयका विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको प्रतिशताङ्क स्थिति

| कुल सङ्ख्या | २५ % भन्दा कम | | ५० % भन्दा कम | | ५० % भन्दा बढी | | ७५ % भन्दा बढी | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ४० | ८ | २० | ८ | २० | २० | ५० | ४ | १० |

उपर्युक्त तालिकाअनुसार चार श्रेणी निर्धारण गरी निबन्ध लेखनको प्रतिशताङ्क क्षमता पहिचान गर्न निजी विद्यालयका विद्यार्थीहरूबाट नमुना प्रतिनिधि जनसङ्ख्याको

रूपमा ४० जना विद्यार्थीहरूलाई चयन गरेको देखिन्छ । प्रस्तुत अध्ययनमा २५ प्रतिशत भन्दा कम निबन्ध लेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या (२०) प्रतिशत रहेको छ । ५० प्रतिशतभन्दा कम निबन्ध लेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या पनि २० प्रतिशत नै रहेको छ । ५० प्रतिशत भन्दामाथि निबन्ध लेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ५० प्रतिशत रहको देखिएको छ भने ७५ प्रतिशत भन्दामाथि निबन्ध लेखन क्षमता भएको विद्यार्थीहरूको सङ्ख्या १० प्रतिशत देखिएको छ यसरी हेर्दा निजी विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको क्षमता सन्तोषजनक नरहेको पाइन्छ । जसलाई रेखा चित्रद्वारा प्रस्तुत गरिएको छ ।




चित्र ३ : निजी विद्यालयका विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको प्रतिशताङ्क स्थिति


### ३.२.२ नेपाली पहिलोभाषी विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन

प्रस्तुत अध्ययन कैलाली जिल्लाका ४ सरकारी र ४ निजी विद्यालयका जम्मा ४७ जना कक्षा ७ मा अध्ययनरत पहिलो भाषी नेपाली विद्यार्थीहरू छनोटमा परेका छन् । छनोटमा परेका कक्षा ७ का नेपाली पहिलो भाषी विद्यार्थीहरूको निबन्ध लेखन क्षमता स्थिति निम्नानुसार रहेको छ :

तालिका ४ : नेपाली पहिलो भाषी विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको प्रतिशताङ्क

| कुल | २५ % भन्दा कम | | ५० % भन्दा कम | | ५० % भन्दा बढी | | ७५ % भन्दा बढी | |
|---|---|---|---|---|---|---|---|---|
| सङ्ख्या | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ४७ | १० | २१.२८ | ११ | २३.४० | १९ | ४०.४३ | ७ | १४.८९ |

यस तालिकामा नेपाली पहिलो भाषी ४७ जना विद्यार्थीहरूमध्ये २१.२८ प्रतिशत विद्यार्थीहरू२५ प्रतिशत भन्दा कम निबन्ध लेखन क्षमता हुने समूहमा परेको देखिन्छ । ५० प्रतिशतभन्दा कम निबन्ध लेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या २३.४० प्रतिशत देखिन्छ । त्यस्तै ५० प्रतिशत भन्दामाथि निबन्ध लेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ४०.४३ प्रतिशत रहेको छ । र ७५ प्रतिशत भन्दामाथि निबन्ध लेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या १३.८९ प्रतिशत रहेको छ । यसरी समग्रमा भन्दा पहिलो भाषी विद्यार्थीहरूको निबन्ध लेखन क्षमतालाई हेर्दा विद्यार्थीहरूको निबन्ध लेखन क्षमता सन्तोषजनक नरहेको देखिन्छ । जसलाई निम्नबमोजिम रेखा चित्रद्वारा प्रस्तुत गर्न सकिन्छ ।




चित्र ४ : नेपाली पहिलो भाषी विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको प्रतिशताङ्क


### ३.२.३ नेपाली दोस्रो भाषी विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन

प्रस्तुत अध्ययन कैलाली जिल्लाका ४ सरकारी र ४ निजी विद्यालयका जम्मा ३३ जना कक्षा ७ मा अध्ययनरत दोस्रो भाषी नेपाली विद्यार्थीहरू छनोटमा परेका हुन । छनोटमा परेका कक्षा ७ का नेपाली दोस्रो भाषी विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको स्थिति निम्नानुसार रहेको छ :

तालिका ५ : नेपाली दोस्रो भाषी विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको प्रतिशताङ्क

| कुल | २५ % भन्दा कम | | ५० % भन्दा कम | | ५० % भन्दा बढी | | ७५ % भन्दा बढी | |
|---|---|---|---|---|---|---|---|---|
| सङ्ख्या | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ३३ | ७ | २१.२१ | १० | ३०.३० | १४ | ४२.४२ | २ | ६.०६ |

प्रस्तुत तालिकाअनुसार चार श्रेणी निर्धारण गरी निबन्ध लेखनको प्रतिशताङ्क क्षमता पहिचान गर्न नेपाली दोस्रो भाषी विद्यार्थीहरूमध्येबाट नमुना प्रतिनिधि जनसङ्ख्याको रूपमा ३३ जना विद्यार्थीहरूलाई चयन गरिएको छ । यस तालिकामा २५ प्रतिशतभन्दा कम निबन्ध लेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या २१.२१ प्रतिशत रहेको छ । ५० प्रतिशत भन्दा कम निबन्ध लेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ३०.३० प्रतिशत रहेको छ । ५० प्रतिशत भन्दामाथि निबन्ध लेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ४२.४२ प्रतिशत रहेको देखिन्छ । त्यस्तै गरेर ७५ प्रतिशत भन्दामाथि निबन्ध लेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ६.०६ प्रतिशत रहेको छ । यसरी समग्रमा भन्दा नेपाली दोस्रो भाषी विद्यार्थीहरूको निबन्ध लेखन क्षमतालाई हेर्दा पनि विद्यार्थीहरूको क्षमता सन्तोषजनक नभएको देखिन्छ र विद्यार्थीहरूमा एकरूपता नभएको देखिन्छ । जसलाई निम्नानुसार रेखा चित्रमा देखाउन सकिन्छ ।




चित्र ५ : नेपाली दोस्रो भाषी विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको प्रतिशताङ्क

## ३.३ लैङ्गिक आधारमा निबन्ध लेखन क्षमताको अध्ययन

कैलाली जिल्लाका कक्षा ७ मा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन गर्न लैङ्गिक आधारमा विद्यार्थीहरूलाई छात्र र छात्रामा विभाजन गरिएको छ । प्रस्तुत अध्ययनमा लैङ्गिकताका दृष्टिकोणले कक्षा ७ मा अध्ययनरत छात्र र छात्रा विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको स्थिति तल छुट्टा छुट्टै तालिका र रेखाचित्रमा प्रस्तुत गरिएको छ :

### ३.३.१. छात्र विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन

प्रस्तुत अध्ययन कैलाली जिल्लाका सरकारी र ४ निजी विद्यालयका जम्मा ४० जना कक्षा ७ मा अध्ययनरत छात्र विद्यार्थीहरू छनोटमा परेका छन् । छनोटमा परेका कक्षा ७ का छात्र विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको स्थिति निम्नानुसार छ :


तालिका ६ : छात्र विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको प्रतिशताङ्क

| कुल छात्र सङ्ख्या | प्रतिशताङ्क स्थिति | विद्यालयको प्रकृति | सङ्ख्या | प्रतिशत | जम्मा सङ्ख्या | समग्र प्रतिशत |
|---|---|---|---|---|---|---|
| ४० | २५ % भन्दा कम ल्याउने | सरकारी | ५ | १२.५ | ८ | २० |
| | | निजी | ३ | ७.५ | | |
| | ५० % भन्दा कम ल्याउने | सरकारी | ८ | २० | १२ | ३० |
| | | निजी | ४ | १० | | |
| | ५० % भन्दा माथि ल्याउने | सरकारी | ४ | १० | १५ | ३७.५ |
| | | निजी | ११ | २७.५ | | |
| | ७५ % भन्दा माथि ल्याउन | सरकारी | ३ | ७.५ | ५ | १२.५ |
| | | निजी | २ | ५ | | |
| जम्मा | | | | | ४० | १०० |

उपर्युक्त तालिकामा ४० जना छात्रहरूलाई प्रतिनिधि नमुना जनसङ्ख्याका रूपमा छनोट गरी उनीहरूको क्षमतालाई चार प्रतिशताङ्क श्रेणीमा वर्गीकरण गरी प्रस्तुत गरिएको छ । २५ प्रतिशत भन्दा कम प्रतिशताङ्क श्रेणीमा वर्गीकरण गरी प्रस्तुत गरिएको छ । २५

प्रतिशत भन्दा कम प्रतिशताङ्क निबन्ध लेखन भएका छात्रहरूको सङ्ख्या २० प्रतिशत रहेको छ जसमा निजी विद्यालयका छात्र सङ्ख्या जम्मा ७.५ प्रतिशत देखिन्छ, भने सरकारी विद्यालयका छात्र सङ्ख्या १२.५ प्रतिशत रहेको छ । यस अर्थमा २५ प्रतिशत भन्दा कम निबन्ध लेखन क्षमता भएका छात्रहरू निजी विद्यालयको तुलनामा सरकारी विद्यालयका छात्रहरू कमजोर रहेको स्पष्ट हुन्छ ।

५० प्रतिशत भन्दा कम प्राप्ताङ्क ल्याउने छात्रहरूको सङ्ख्या ३० प्रतिशत रहेको जसमा निजी विद्यालयका छात्र सङ्ख्या जम्मा १० प्रतिशत देखिन्छ, भने सरकारी विद्यालयका छात्र सङ्ख्या २० प्रतिशत रहेको छ । यस अर्थमा भन्दा ५० प्रतिशत भन्दा कम प्रतिशत निबन्ध लेखनको क्षमतालाई पनि सरकारी भन्दा निजी विद्यालयको प्रतिशत वा निबन्ध लेखन क्षमता सन्तोषजनक रहेको देखिन्छ । यसरी समग्रमा भन्दा सरकारी विद्यालय भन्दा निजी विद्यालयको निबन्ध लेखन क्षमता केही मात्रामा राम्रो देखिन्छ । जसलाई स्तम्भ चित्रमा निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।




चित्र ६ : छात्र विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको प्रतिशताङ्क

### ३.३.२ छात्रा निबन्ध लेखन क्षमताको अध्ययन

तालिका ७ : छात्रा विदयार्थीहरूको निबन्ध लेखन क्षमताको प्रतिशताङ्क स्थिति

| कुल | २५ % भन्दा कम | | ५० % भन्दा कम | | ५० % भन्दा बढी | | ७५ % भन्दा बढी | |
|---|---|---|---|---|---|---|---|---|
| सङ्ख्या | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ४० | ९ | २२.५० | ९ | २२.५० | १८ | ४५ | ४ | १० |

माथिको तालिकामा प्रतिनिधि जनसङ्ख्याको रूपमा ४० जना छात्रा चयन गरिएको छ । २५ प्रतिशत भन्दा कम निबन्ध लेखन क्षमता हुने विद्यार्थीहरूको सङ्ख्या ९ रहेको छ भने २२.५० प्रतिशत छ । त्यसै गरी ५० प्रतिशतभन्दा कम निबन्ध लेखन क्षमता हुने विद्यार्थी सङ्ख्या ९ हुनुका सथै २२.५० प्रतिशत रहेको छ । ५० प्रतिशत भन्दामाथि निबन्ध लेखन क्षमता हुने विद्यार्थी सङ्ख्या सबैभन्दा बढी देखिन्छ, जसमा १८ जना विद्यार्थी रहनुका साथै ४५ प्रतिशत रहेको छ । त्यसैगरी चौथो श्रेणीमा ७५ प्रतिशत भन्दामाथि निबन्ध लेखन क्षमता हुने विद्यार्थी जम्मा ४ जना रहेका छन् भने १० प्रतिशत रहेको देखिन्छ ।

यसरी प्रतिशतका आधारमा भन्दा ५० प्रतिशतभन्दा माथि सबैभन्दा बढी जसमा ४५ प्रतिशत देखिन्छ र ७५ प्रतिशत भन्दा बढी निबन्ध लेखन क्षमता भएका जम्मा १० प्रतिशत मात्रै रहेकाले के भन्न सकिन्छ भने छात्राहरूको निबन्ध लेखन क्षमता पनि निकै कमजोर रहेको मान्न सकिन्छ ।

# अध्याय : चार

# तुलनात्मक अध्ययन

## ४.१. विभिन्न समूहहरूमा निबन्ध लेखन क्षमताको तुलनातमक विश्लेषण

प्रस्तुत कक्षा ७ मा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन शीर्षकहरूको निबन्ध लेखन क्षमताको अध्ययनमा कक्षा ७ मा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमता पहिल्याउने उद्देश्य राखिएको छ । अघिल्लो अध्यायमा प्रस्तुत गरिएको व्याख्या विश्लेषणलाई आधार मानेर यस अध्यायमा विभिन्न पक्षहरू बिच तुलनात्मक विश्लेषण गरिएको छ । विभिन्न समूह वर्गबाट लिइएको तथ्याङ्कको आधारमा सोही समूहहरू बिच निबन्ध लेखन क्षमतामा के कति अन्तर छ र तुलनात्मक विश्लेषणलाई पूर्णता वस्तुगत रूप दिन तथ्यहरू साङ्ख्यिकीय आधारमा विश्लेषण गर्ने दृष्टिकोण राखि प्रतिशत गणना गरिएको छ ।

### ४.१.१ विद्यालयको प्रकृतिको आधारमा सरकारी र निजी विद्यालयका विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको तुलना

४० जना विद्यार्थी सरकारी विद्यालयबाट तथा ४० जना निजी विद्यालयबाट समावेश गरिएको यस अध्ययनमा उक्त विद्यार्थी समूहहरूको छुट्टा छुट्टै प्रतिशत तालिकामा व्यक्त गरिएको छ ।

तालिका ८ : विद्यालयको प्रकृतिको आधारमा सरकारी र निजी विद्यालयका विद्यार्थीको निबन्ध लेखन क्षमताको तुलना


| समूह | विद्यार्थी सङ्ख्या | २५% भन्दा कम | | ५०% भन्दा कम | | ५०% भन्दा बढी | | ७५% भन्दा बढी | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| सरकारी | ४० | ९ | २२.५० | १३ | ३२.५ | १३ | ३२.५ | ५ | १२.५ |
| निजी | ४० | ८ | २० | ८ | २० | २० | ५० | ४ | १० |

प्रस्तुत तालिकामा सरकारी विद्यालयका विद्यार्थी र निजी विद्यालयका विद्यार्थीको निबन्ध लेखन क्षमताको तुलनातमक अध्ययन गर्दा दुवै प्रकृतिका विद्यालयका विद्यार्थीहरूको निबन्ध लेखन क्षमतामा केही प्रतिशतले फरक देखिन्छ । यहाँ सरकारी विद्यालयको नतिजा हेर्दा सबैभन्दा कम श्रेणीमा २२.५० प्रतिशत, मध्यम श्रेणीमा ३२.५०

प्रतिशत र माथिल्लो श्रेणीमा १२.५ प्रतिशत रहेको पाइन्छ त्यसै गरी निजी विद्यालयतर्फ सवैभन्दा कम श्रेणीमा २० प्रतिशत मध्यम श्रेणीमा ५० प्रतिशत र माथिल्लो श्रेणीमा १० प्रतिशत रहेको छ यसरी हेर्दा सरकारी र निजी विद्यालयका विद्यार्थीहरूमा तल्लो तहमा निजी भन्दा सरकारी विद्यालयको प्रतिशत बढी देखिन्छ, भने त्यस्तै मध्यम श्रेणीमा सरकारी भन्दा निजी विद्यालयमा विद्यार्थीहरूको प्रतिशत बढी देखिन्छ भने माथिल्लो श्रेणीमा निजी भन्दा सरकारी विद्यालयका विद्यार्थीहरूको प्रतिशत बढी भएको देखिन्छ ।

यसबाट के बुझ्न सकिन्छ, भने कक्षा सातमा अध्ययन कैलाली जिल्लाका सरकारी र निजी विद्यालयका विद्यार्थीहरूको निबन्ध लेखन क्षमता एउटै नभई फरक-फरक रहेको देखिन्छ । निबन्ध लेखाइप्रति एकरूपता नभएको पाइन्छ । निजी विद्यालयका विद्यार्थीहरू भन्दा सरकारी विद्यालयका विद्यार्थीहरूको केही प्रतिशत अगाडि रहेको देखिन्छ ।

विद्यालयको प्रकृतिको आधारमा सरकारी र निजी विद्यालयका विद्यार्थीको निबन्ध लेखन क्षमताको तुलनालाई निम्नानुसार स्तम्भ चित्रमा देखाउन सकिन्छ :




चित्र ७ : विद्यालयको प्रकृतिको आधारमा सरकारी र निजी विद्यालयका विद्यार्थीको निबन्ध लेखन क्षमताको तुलना

माथिको स्तम्भचित्र अनुसार विद्यालयको प्रकृतिको आधारमा सरकारी र निजी विद्यालयहरूको निबन्ध लेखन क्षमताको तुलनालाई स्पष्ट रूपमा चार श्रेणीमा देखाइएको छ । यस स्तम्भचित्रबाट पनि सरकारी विद्यालयका विद्यार्थीहरूको २५ प्रतिशतभन्दा कम प्राप्ताङ्कमा २२.५ प्रतिशत छ भने निजी विद्यालयको २० प्रतिशत रहेको छ । त्यस्तै ५०

प्रतिशतभन्दा कम निबन्ध लेखन क्षमता सरकारी विद्यालयका विद्यार्थीहरूको प्राप्ताङ्क ३२.५० प्रतिशत र निजी विद्यालयको प्राप्ताङ्क २० प्रतिशत रहेको छ । ५० प्रतिशत भन्दा बढी प्राप्ताङ्क ल्याउने सरकारी विद्यालयका विद्यार्थीहरूको ३२.५ प्रतिशत रहेको छ भने निजी विद्यालयका व्रियार्थीहरूको प्राप्ताङ्क ५० प्रतिशत रहेको छ । अन्तिम श्रेणीमा ७५ प्रतिशतभन्दा बढी प्राप्ताङ्क ल्याउने सरकारी विद्यालयका विद्यार्थीहरूको १२.५ प्रतिशत र निजी व्रियालय तर्फका विद्यार्थीहरूको प्राप्ताङ्क १० प्रतिशत रहेको छ । यसबाट के बुझिन्छ भने २५ प्रतिशतभन्दा कम प्राप्ताङ्कमा निजीभन्दा सरकारी विद्यालयका विद्यार्थीहरू २.५० प्रतिशतले अगाडि रहेको देखिन्छ भने दोस्रो श्रेणीमा ५० प्रतिशतभन्दा कम प्राप्ताङ्क ल्याउने विद्यार्थीहरूमा निजीभन्दा सरकारी विद्यालयका विद्यार्थीहरूको १२.५० प्रतिशत बढी रहेको देखिन्छ । त्यस्तै ५० प्रतिशतभन्दा बढी प्राप्ताङ्क श्रेणीमा सरकारी भन्दा निजी विद्यालयका विद्यार्थीहरू १८.५० प्रतिशतले बढी भएको देखिन्छ । अन्तिम श्रेणीमा ७५ प्रतिशतभन्दा बढी प्राप्ताङ्क ल्याउने विद्यार्थीहरूमा निजी भन्दा सरकारी विद्यालयका विद्यार्थीहरूको प्राप्ताङ्क २.५० प्रतिशतले बढी भएको देखिन्छ । यसबाट के पत्ता लाग्दछ भने निजी विद्यालयका विद्यार्थीहरू भन्दा सरकारी विद्यालयका विद्यार्थीहरूको निबन्ध लेखन क्षमता केही प्रतिशले राम्रो देखिन्छ ।


### ४.१.२. भाषिक पृष्ठभूमिका आधारमा नेपाली पहिलो भाषी तथा नेपाली दोस्रो भाषी विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको तुलना

तालिका ९ : भाषिक पृष्ठभूमिका आधारमा नेपाली पहिलो भाषी तथा नेपाली दोस्रो भाषी विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको तुलना

| समूह | विद्यार्थी सङ्ख्या | २५% भन्दा कम | | ५०% भन्दा कम | | ५०% भन्दा बढी | | ७५% भन्दा बढी | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| नेपाली पहिलो भाषी | ४७ | १० | १२.२८ | ११ | २३.४० | १९ | ४०.४३ | ७ | १८.८९ |
| नेपाली दोस्रो भाषी | ३३ | ७ | २१.२१ | १० | ३०.३० | १४ | ४२.४२ | २ | ६.०६ |

माथिको तालिका अनुसार कक्षा सातमा अध्ययनरत पहिलो भाषी विद्यार्थी ४७ जना र दोस्रो भाषी विद्यार्थी ३३ जना प्रतिनिधि नमुना जनसङ्ख्या रूपमा समावेश गरिएको

छ । जसमा पहिलो नेपाली भाषी र दोस्रो भाषी विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कलाई आधार मानेर निबन्ध लेखन क्षमताको स्थिति अध्ययन गर्दा नेपाली पहिलो भाषी विद्यार्थीहरूले २५ प्रतिशतभन्दा कम निबन्ध लेखन क्षमताको श्रेणीमा २१.२८ प्रतिशत प्राप्त गरेका छन् भने ५० प्रतिशतभन्दा कम श्रेणीमा २३.४० प्रतिशत र ५० प्रतिशत भन्दा बढी श्रेणीमा ४०.४३ प्रतिशत ल्याएका छन् । त्यस्तै ७५ प्रतिशत भन्दा बढी निबन्ध लेखन क्षमता भएको श्रेणीमा १८.८९ प्रतिशत प्राप्ताङ्क हासिल गरेका छन् । नेपाली दोस्रो भाषी विद्यार्थीहरूले सबैभन्दा कम श्रेणीको २५ प्रतिशतभन्दा कममा २१.२१ प्रतिशत र ५० प्रतिशतभन्दा कममा ३०.३० प्रतिशत ल्याएका छन् । ५० प्रतिशतभन्दा बढी श्रेणीमा ४२.४२ प्रतिशत हासिल गरेका छन् । अन्तिम श्रेणीको ७५ प्रतिशतभन्दा बढी भएका विद्यार्थीहरूको ६.६ प्रतिशत विद्यार्थीहरूले प्राप्ताङ्क हासिल गरेका छन् । यसरी समग्रमा तुलना गर्दा निबन्ध लेखन क्षमता केही प्रतिशतले अन्तर रहेको पाइन्छ । निबन्ध लेखन क्षमता पहिलो भाषी र दोस्रो भाषीमा लगभग एउटै-एउटै भएको देखिन्छ ।




चित्र ८ : भाषिक पृष्ठभूमिका आधारमा नेपाली पहिलो भाषी तथा नेपाली दोस्रो भाषी विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको तुलना

माथिको स्तम्भचित्रबाट पनि नेपाली पहिलो भाषी र दोस्रो भाषीको तुलनालाई स्पष्ट रूपमा देखाइएको छ । जसमा २५ प्रतिशतभन्दा कम प्राप्ताङ्क भएका नेपाली पहिलो भाषीको १२.२८ प्रतिशत छ भने दोस्रो भाषीको २१.२१ प्रतिशत रहेको छ । त्यस्तै ५० प्रतिशतभन्दा कम प्राप्ताङ्क ल्याउने पहिलो भाषीको २३.४० प्रतिशत छ भने दोस्रो भाषीको ३०.३० प्रतिशत रहेको छ भने ५० प्रतिशतभन्दा बढी प्राप्ताङ्क ल्याउने विद्यार्थीहरूमा

पहिलो भाषी विद्यार्थीहरूको ४०.४३ प्रतिशत छ भने दोस्रो भाषीको ४२.४२ प्रतिशत छ र अन्तिम श्रेणीको ७५ प्रतिशतभन्दा बढी प्राप्ताङ्क ल्याउने नेपाली पहिलो भाषीको १८.८९ प्रतिशत रहेको छ भने दोस्रो भाषीको ६.०६ प्रतिशत रहेको छ । यसरी समग्रमा भाषिक पृष्ठभूमिका आधारमा निबन्ध लेखन क्षमताको अध्ययनको तुलना गर्दा पहिलो भाषीभन्दा दोस्रो भाषी विद्यार्थी सङ्ख्यामा कम भए पनि पहिलो भाषीको बराबरमा नै रहेको देखिन्छ । केही तल माथि भए पनि दुबैको निबन्ध लेखन क्षमता एउटै एउटै हुन आएको देखिन्छ । यसरी भाषिक पृष्ठभूमिका आधारमा दुबै भाषीहरूको निबन्ध लेखन क्षमता सन्तोषजनक नरहेको देखिन्छ ।

### ४.१.३ लैङ्गिकताका आधारमा छात्र र छात्राबिचको निबन्ध लेखन क्षमताको तुलना

४० जना छात्र विद्यार्थी र ४० जना छात्रा विद्यार्थीसमावेश भएको यस अध्ययनमा छात्र समूह र छात्रा समूह दुबैको अलग अलग प्रतिशतका आधारमा तुलनात्मक अध्ययन गरिएको छ । जसको विवरण तलको तालिकामा देखाएको छ ।


तालिका १० : निबन्ध लेखन क्षमतामा लैङ्गिकताका आधारमा छात्र र छात्राविचको तुलना

| समूह | विद्यार्थी सङ्ख्या | २५% भन्दा कम | | ५०% भन्दा कम | | ५०% भन्दा बढी | | ७५% भन्दा बढी | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| छात्र | ४० | ८ | २० | १२ | ३० | १५ | ३७.५० | ५ | १२.५० |
| छात्रा | ४० | ९ | २२.५० | ९ | २२.५० | १८ | ४५ | ४ | १० |

प्रस्तुत तालिकामा समग्रमा विद्यार्थीहरूको लैङ्गिकताका आधारमा विभाजन गरी छात्रतर्फ ४० छात्रा तर्फ ४० जना विद्यार्थीहरूलाई समाबेश गरिएको छ । उक्त तालिकामा समग्र रूपमा भन्दा प्रतिशताङ्कका आधारमा चार श्रेणीमा विभाजन गरिएको छ जसमा २५ प्रतिशत भन्दातल छात्र विद्यार्थीको २० प्रतिशत निबन्ध लेखन क्षमता छ भने छात्रातर्फ २२.५० प्रतिशत रहेको छ, ५० प्रतिशत भन्दाकम प्राप्ताङ्क ल्याउने छात्र तर्फ ३० प्रतिशत र छात्रा तर्फ २२.५० प्रतिशत रहेको छ । त्यस्तै ५० प्रतिशत भन्दामाथिको श्रेणीमा प्रतिशतलाई हेर्दा छात्र विद्यार्थीको ३७.५० प्रतिशत निबन्ध लेखन क्षमताभएका विद्यार्थी छन् भने छात्रा तर्फ ४५ प्रतिशत रहेको देखिन्छ । त्यस्तै ७५ प्रतिशत भन्दामाथि निबन्ध लेखन क्षमता भएका विद्यार्थीहरूमा छात्र तर्फ १२.५० प्रतिशत छ भने छात्रातर्फ १० प्रतिशत निबन्ध लेखन क्षमता रहेको छ । यसरी समग्रमा हेर्दा निबन्ध लेखन क्षमता

छात्र र छात्राको केही प्रतिशतले मात्र अन्तर रहेको देखिन्छ । तुलनात्मक रूपमा भन्दा तल्लो श्रेणीमा २.५० प्रतिशतले छात्राको प्रतिशत बढी रहेको छ भने मध्यम श्रेणीको प्रतिशतलाई हेर्दा पनि छात्र भन्दा छात्राको प्रतिशत ८.५० प्रति बढी रहेको पाइन्छ । त्यस्तै उच्च श्रेणीको प्रतिशतलाई हेर्दा भने छात्राभन्दा छात्र विद्यार्थीहरूको निबन्ध लेखन क्षमता २.५० प्रतिशतले बढी रहेको पाइन्छ ।

यसरी हेर्दा निबन्ध लेखन क्षमताको तुलनामा खासै अन्तर नरही लगभग एउटै एउटै प्रतिशत हुन आएको देखिन्छ । छात्र भन्दा छात्रा नै अलि बढी निबन्ध लेखन क्षमतामा राम्रो भएको देखिन्छ । जसलाई निम्नानुसार स्तम्भ चित्रमा देखाउन सकिन्छ ।




चित्र ९ : निबन्ध लेखन क्षमतामा लैङ्गिकताका आधारमा छात्र र छात्राबिचको तुलना :

माथिको स्तम्भ चित्रबाट पनि के देखाउन सकिन्छ भने निबन्ध लेखन क्षमतामा लैङ्गिकताका आधारमा २५प्रतिशतभन्दा कम निबन्ध लेखन क्षमता भएका विद्यार्थीहरूमा छात्रभन्दा छात्रा २.५ प्रतिशतले बढी रहेको र ५० प्रतिशतभन्दा कम निबन्ध लेखन क्षमता भएका विद्यार्थीहरूमा छात्रभन्दा छात्रा बढी रहेको देखिन्छ, जसमा छात्राभन्दा छात्रले ७.५ प्रतिशत बढी ल्याएको देखिन्छ र ५० प्रतिशतभन्दा बढी निबन्ध लेखन क्षमता भएका विद्यार्थीमा छात्रभन्दा छात्राको बढी प्रतिशत रहेको देखिन्छ । छात्रभन्दा छात्राले ७.५ प्रतिशत बढी ल्याएको पाइन्छ । अन्त्यमा ७५ प्रतिशत भन्दामाथि ल्याउने विद्यार्थीहरूमा छात्राभन्दा छात्र २.५ प्रतिशतले बढी देखिन्छ । यसरी यस स्तम्भ चित्रबाट पनि के देखिन्छ भने छात्रभन्दा छात्रा अलि कमजोर रहेको देखिन्छ । समग्रमा निबन्ध लेखन क्षमता छात्र र छात्रा दुबैको कमजोर रहेको देखिन्छ ।

# अध्याय : पाँच

# उपसंहार

## ५.१ निष्कर्ष

कैलाली जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययनबाट निम्नलिखित निष्कर्ष निकालिएको छ :

१ विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन गर्न ४ वटा श्रेणी निर्धारण गरिएको छ ।

२. समग्र विद्यार्थीहरूको निबन्ध लेखन क्षमतामा सबैभन्दा तल्लो श्रेणीमा २१.२५ प्रतिशत र सबैभन्दा माथिल्लो श्रेणीमा १० प्रतिशत रहेकाले कैलाली जिल्लाभित्र पर्ने विद्यालयका विद्यार्थीहरूको निबन्ध लेखन क्षमता कमजोर रहेको पाइन्छ ।

३ विद्यालयका प्रकृतिका आधारमा सरकारी विद्यालयका ४० जना विद्यार्थीहरू मध्ये सबैभन्दा तल्लो श्रेणीमा २२.५० प्रतिशत र सबैभन्दा माथिल्लो श्रेणीमा १२.५० प्रतिशत रहेको छ । यसरी हेर्दा विद्यालयको तुलनामा विद्यार्थीहरूको निबन्ध लेखन क्षमता सन्तोषजनक नरहेको पाइन्छ ।

४. निजी विद्यालयहरूको निबन्ध लेखन क्षमतालाई हेर्दा सबैभन्दा कम श्रेणीमा २० प्रतिशत र सबैभन्दा माथिल्लो श्रेणीमा १० प्रतिशत रहेको छ । यसरी निजी विद्यालयका विद्यार्थीहरूको निबन्ध लेखन क्षमता कमजोर रहेको पाइन्छ ।

५. यसरी विद्यालयको प्रकृतिका आधारमा तुलना गर्दा निजी विद्यालयभन्दा सरकारी विद्यालयका विद्यार्थीहरूको निबन्ध लेखन क्षमता केही मात्रामा राम्रो रहेको देखिन्छ ।

६. भाषिक पृष्ठभूमिका आधारमा पहिलो भाषी नेपाली विद्यार्थीको सङ्ख्या ४७ जनामा निबन्ध लेखन गरिएको थियो भने दोस्रो भाषी विद्यार्थीहरूको सङ्ख्या ३३ जना रहेको थियो । यिनीहरूमा निबन्ध लेखन क्षमताको तुलना गर्दा पहिलो भाषी विद्यार्थीहरूको सबैभन्दा कम श्रेणीमा २१.२८ प्रतिशत रहेको छ भने सबैभन्दा माथिल्लो श्रेणीमा १४.८६ प्रतिशत रहेको पाइन्छ । यसबाट के बुझिन्छ, भने भाषिक पृष्ठभूमिका आधारमा पहिलो भाषी विद्यार्थीहरूको निबन्ध लेखन क्षमता सन्तोषजनक नरहेको पाइन्छ ।

७. त्यस्तै दोस्रो भाषी विद्यार्थीहरूको निबन्ध लेखन क्षमतालाई हेर्दा सबैभन्दा कम श्रेणीमा २१.२१ प्रतिशत र सबैभन्दा माथिल्लो श्रेणीमा ६.०६ प्रतिशत रहेको देखिन्छ । यसबाट के पत्ता लगाउन सकिन्छ भने दोस्रो भाषी विद्यार्थीहरूको पनि निबन्ध लेखन क्षमता कमजोर रहेको देखिन्छ । भाषिक पृष्ठभूमिका आधारमा विद्यार्थीहरूको निबन्ध लेखन क्षमता सन्तोषजनक नभएको देखिन्छ ।

८. लैङ्गिकताका आधारमा हेर्दा छात्र विद्यार्थी र छात्रा विद्यार्थीहरूमा केही मात्रामा समानता रहेको पाइन्छ । छात्र विद्यार्थीहरूको सबैभन्दा तल्लो श्रेणीमा २० प्रतिशत रहेको र माथिल्लो श्रेणीमा निबन्ध लेखन छात्र विद्यार्थीहरूको १२.५० प्रतिशत रहेकाले छात्र विद्यार्थीहरूको निबन्ध लेखन क्षमता कमजोर नै रहेको छ ।

९. त्यस्तै छात्रा विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको श्रेणी निर्धारणमा सबैभन्दा तल्लो श्रेणीमा २२.५० प्रतिशत र सबैभन्दा माथिल्लो श्रेणीमा १० प्रतिशत रहेको छ । यसरी हेर्दा विद्यार्थीको निबन्ध लेखन क्षमता सन्तोषजनक भएको पाइदैन ।

## ५.२. सुझावहरू

कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन शीर्षक अन्तर्गत शोध अध्ययनबाट प्राप्त आधारमा निम्न लिखित सुझावहरू प्रस्तुत गरिएको छ :

(क) लेखन सिप विकासका लागि निबन्ध लेखन क्षमता अति आवश्यक भएकाले यसको महत्त्वलाई मध्यनजर गरी पाठ्यक्रम र पाठ्य पुस्तक निर्माणका क्रमका निबन्ध लेखनसम्बन्धी क्रियाकलाप पर्याप्त रूपमा समावेश गरिनु पर्ने देखिन्छ ।

(ख) विद्यार्थीलाई निबन्ध लेखनसम्बन्धी अभ्यास गराउँदा पाठ्य पुस्तकमा समावेश भएका बाहेक उनीहरूको लेखन क्षमता अभिवृद्धि गर्नका लागि स्वतन्त्र निबन्ध लेखन गराउनु पर्ने देखिन्छ ।

(ग) सरकारी तथा निजी विद्यालयका विद्यार्थीको निबन्ध लेखन क्षमता अभिवृद्धि गर्नका लागि उक्त विद्यालयमा विद्यार्थीको चापलाई घटाई विभिन्न समूहमा निबन्ध लेखन क्रियाकलपा गराउनु पर्ने हुन्छ ।

(घ) विद्यार्थीहरूको विभिन्न लैङ्गिकता, उमेर, भाषिक पृष्ठभूमि, क्षेत्र तथा स्थानीयता आदि पक्षहरूलाई ध्यानमा राखि भाषा पाठ्य वस्तुहरू छनोट स्तरण गरी पाठ्य पुस्तक निर्माण गरिनु पर्दछ ।

(ङ) लेखन सिपको विकास गराउनका लागि कक्षा स्तरीय, विद्यालय स्तरीय तथा अन्तर विद्यालय निबन्ध प्रतियोगिताहरू समय समयमा शिक्षकले गराउँदै जानु पर्दछ ।

(च) कक्षा कार्यकलापमा शिक्षक र विद्यार्थी दुबै सक्रिय भएर अध्ययन अध्यापन गर्न प्रणालीको व्यवस्था लागु गरी विद्यार्थीलाई बढीभन्दा बढी लेखाइ सिपको विकास गर्नु पर्ने देखिन्छ ।

(छ) विद्यालयको तल्लो तहदेखि नै निबन्ध लेखनसम्बन्धी तथा लेखाइ सिप विकास हुने अन्य क्रियाकलाप गराउँदै लैजानु पर्ने हुन्छ ।

(ज) निजी विद्यालयमा नेपाली भाषालाई त्यति ख्याल नदिने हुनाले नेपाली विषयमा विद्यार्थी कमजोर देखिएका छन् त्यसबाट माथि उकास्नका लागि निजी विद्यालयले नेपाली भाषा तथा लेखन कला विकासका लागि बढी मात्रामा जोड दिनु पर्ने देखिन्छ ।

(झ) विद्यार्थीहरूको लेखन सिप जाँच्ने मुख्य आधार नै निबन्ध लेखन हुने भएकाले लेखन क्षमता बनाउनका लागि समसामायिक तथा बढी महत्त्वका विषय वस्तु दिई निबन्ध लेखाउनु पर्दछ ।

(ञ) सरकारी तथा निजी विद्यालयले नेपाली भाषा विकास गराउनका लागि यस्ता भाषिक तथा लेखन सिप विकास गराउने विधाहरूको महत्त्व बारेमा समग्र विद्यार्थीहरूलाई जानकारी गराउनु पर्दछ ।

(ट) नेपाली विमातृभाषी विद्यार्थीहरूलाई पनि नेपाली विद्यार्थी सरह अगाडि बढाउनका लागि उत्प्रेरित गर्नु पर्ने देखिन्छ ।

## ५.३ शोध कार्यको शैक्षणिक उपयोगिता

(क) यस अध्ययनबाट नेपाली मातृभाषी र नेपाली विमातृभाषी विद्यार्थीहरूको -लेखन सिप) निबन्ध लेखन क्षमताको अध्ययन गरी तदनुकुलको शिक्षण विधि सामग्री तथा लेखन शैलीको छनोटमा सहयोग पुग्ने छ ।

(ख) सम्बधिन्त विद्यालय तहका विद्यार्थीहरूमा नेपाली भाषाको लेखाइ सिप बढाउन आवश्यक सर्तकता बारेमा पनि यस अध्ययनले जानकारी गराएको छ ।

(ग) छात्र र छात्राबिचको निबन्ध लेखन क्षमतामा समानता र भिन्नता पहिचान गरी शिक्षण कार्यकलाप र शिक्षण योजना तयार पार्न सहयोग पुग्ने छ ।

(घ) यस अध्ययनले विद्यार्थीको लेखन कला तथा निबन्ध लेखन क्षमता बृद्धि गर्नमा टेवा पुग्नेछ ।

(ङ) लेखाइ सिप विकासलाई विशेष महत्त्व दिई पाठ्यक्रम तथा पाठ्य पुस्तकलाई परिमार्जन गर्नु सहयोग पुग्नेछ ।

(च) सरकारी र निजी विद्यालयमा निबन्ध लेखन क्षमतामा देखिएको असमानताका बारेमा सही मार्गनिर्देशन गर्न विद्यार्थी तथा शिक्षकलाई सहयोग पुग्नेछ ।

(छ) विभिन्न लेखाइ सिपसँगसम्बन्धित रहेर अन्य अनुसन्धान तथा अध्ययन गर्न एक आधार बन्नेछ ।

(ज) विद्यार्थीमा रहेको कमीकमजोरीलाई निराकरण गरी सही तरिकाले निबन्ध लेखन क्षमता बृद्धि गराउन मद्दत पुग्नेछ ।

(झ) शिक्षक तथा विद्यार्थी दुबै लेखाइ सिप विकासका लागि विभिन्न क्रियाकलापमा सरिक हुने वातावरण बनाउन सक्षम हुनेछन् ।

## ५.४ भावी अनुसन्धानका सम्भाव्य शीर्षकहरू

भाषा शिक्षण एक जटिल कार्य हो । भाषा शिक्षणको क्षेत्र व्यापक र फराकिलो छ । यसको अध्ययन कहिल्यै पूर्ण हुन सक्दैन । भाषा शिक्षण तथा लेखनका विविध पक्षहरू हुन्छन् । यी सबै पक्षहरूको अध्ययन एकल प्रयासबाट मात्र सम्भव हुँदैन ।त्यसमा पनि भाषा परिवर्तनशील वस्तु भएकाले आजको अध्ययन भोलिका लागि अधुरो र अपूर्ण पनि हुन सक्छ । यसको निरन्तर अध्ययन हुनु अति आवश्यक हुन्छ । प्रस्तुत शोधपत्रमा कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको विभिन्न पक्षहरूबाट अध्ययन विश्लेषण गर्ने काम गरिएको छ । विद्यार्थीहरूको लैङ्गिक भाषिक प्रकृतिका आधारमा पनि अध्ययन विश्लेषण गरिएको छ । यसरी लेखाइ सिपलाई विकास गर्नका लागि अन्य यस्ता विविध शीर्षकहरूमा पनि अध्ययन तथा अनुसन्धान हुनु आवश्यक देखिन्छ । यहाँ भावी अनुसन्धानका पक्षहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

क) प्राथमिक तहका विद्यार्थीहरूमा श्रुतिबोध क्षमताको अध्ययन ,

ख) कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको श्रुतिबोध क्षमताको अध्ययन ,

ग) कक्षा सातको हाम्रो नेपाली किताबमा समाविष्ट चित्रहरूको अध्ययन ,

घ) कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको जीवनी लेखन क्षमताको अध्ययन ,

ङ) कक्षा सातको हाम्रो नेपाली किताबमा समाविष्ट संवाद विधाको शैक्षणिक उपयोगिताको अध्ययन ,

च) कक्षा सातको हाम्रो नेपाली किताब र संगम नेपाली मालामा समाविष्ट चित्रहरूको तुलनात्मक अध्ययन,

छ) कक्षा नौमा समाविष्ट निबन्ध विधाको विश्लेषणात्मक अध्ययन ,

ज) कक्षा आठमा समाविष्ट शब्दभण्डारको शैक्षणिक उपयोगिता ,

झ) कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको चिठ्ठी लेखन क्षमताको अध्ययन ,

# सन्दर्भ सूची


अधिकारी, हेमाङ्गराज (२०५३), **समसामयिक नेपाली व्याकरण** (ते.स्रो.), काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, मोतीप्रसाद(२०६७), **भाषिक संरचनाका आधारमा कक्षा १० का निबन्धहरूको अध्ययन ,** नेपाली भाषा शिक्षा विभाग कीर्तिपुर ।

आचार्य, गंगा (२०६७), **स्याङ्जा जिल्लाका कक्षा ९ मा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन ,** नेपाली भाषा शिक्षा विभाग कीर्तिपुर ।

खनाल, उत्तमराज (२०६७), **कास्की जिल्लाको कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोध पत्र नेपाली भाषा शिक्षा विभाग त्रि.वि.कीर्तिपुर ।

गौतम, रामप्रसाद र खेम बन्धु कोइराला (२०६५), **भाषिक अनुसन्धान विधि काठमाडौं : दीक्षान्त पुस्तक भण्डार ।**

चापागाई, नरेन्द्र (सम्पा : २०६७ ), **सङ्क्षिप्त नेपाली शब्दभण्डार, विराटनगर, श्याम पुस्तक भण्डार ।**

पाण्डेय, दीपक (२०६६), **उच्च मा.वि. कक्षा ११ मा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन ,** नेपाली भाषा शिक्षा विभाग त्रि.वि.कीर्तिपुर ।

पौडेल, मोहन (२०६५), **नवलपरासी जिल्लाका कक्षा छ पुरा गरेका विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोध पत्र नेपाली भाषा शिक्षा विभाग त्रि.वि.कीर्तिपुर ।

भण्डारी, पारसमणि (२०६६), **स्नातकोत्तर नेपाली शोध पत्र विवरण,** काठमाडौं : न्यून हिरा बुक्स इन्टरप्राइजेज ।

भण्डारी, रामनाथ ओझा (२०६८), **भाषिक अनुसन्धान विधि,** काठमाडौं : पब्लिकेसन प्रा.लि.

रोकाया, मानबहादुर (२०६५), **कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोध पत्र नेपाली भाषा शिक्षा विभाग त्रि.वि.कीर्तिपुर ।

शर्मा, कमला कुमारी (२०६७), **कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमता अध्ययन ,** नेपाली भाषा शिक्षा विभाग कीर्तिपुर ।

शर्मा, केदारप्रसाद र माधवप्रसाद पौडेल (२०६८), **नेपाली भाषा र साहित्य शिक्षण ,** काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी ।

# परिशिष्ट क

अध्ययनका लागि छनोट गरिएका विद्यालय र विद्यार्थीहरूको नामावली

**सरकारी विद्यालयतर्फ**

**क) सरस्वती उच्च मा.वि प्रतापपुर , कैलाली**

| छात्र विद्यार्थीहरू | छात्रा विद्यार्थीहरू |
|---|---|
| १) सन्तोष चौधरी | १) बिमला चौधरी |
| २) सुरेन्द्र न्यौपाने | २) सरिता देबकोटा |
| ३)भरत खनाल | ३) जिनिका महत्तो |
| ४) अंकेश चौधरी | ४) गीता न्यौपाने |
| ५) अर्जुन चौलागाई | ५) पुष्पा शाही |

**ख) नव जागरण निम्न मा.वि. वनबर्षा , कैलाली**

| छात्र विद्यार्थीहरू | छात्रा विद्यार्थीहरू |
|---|---|
| १) हर्क बम | १) कोपिला विनाडी |
| २) गोपाल चौधरी | २) आशा चौधरी |
| ३) रमेश चौधरी | ३) दीपा चौधरी |
| ४) ओम बम | ४) कामना चौधरी |
| ५) विष्णु चौधरी | ५) अन्जु चौधरी |

**ग) बाल सेवा मा.वि. चाकावाडी , कैलाली**

| छात्र विद्यार्थीहरू | छात्रा विद्यार्थीहरू |
|---|---|
| १) मोहनविक्रम सिंह | १) बास्मती कोइराला |
| २)तुलराज कोइराला | २) प्रतिज्ञा आचार्य |
| ३) प्रविण आचार्य | ३) धन कुमारी चौधरी |
| ४) हसनलाल चौधरी | ४) सीता चौधरी |
| ५) धर्मराज न्यौपाने | ५) बिना चौधरी |

**घ) लक्ष्मी नि. मा. वि. बङ्गालीपुर , कैलाली**

| छात्र विद्‌यार्थीहरू | छात्रा विद्‌यार्थीहरू |
| --- | --- |
| १) राज कुंवर | १) धना कुमारी भूल |
| २) भरत रावल | २) अन्जु कुमारी रावल |
| ३) करण नेपाली | ३) जानकी चौधरी |
| ४) शंकर बि. क. | ४) लक्ष्मी कुमारी खड्का |
| ५) बिमल चौधरी | ५)पुनम कुमारी भूल |

**निजी विद्‌यालयतर्फ**

**क) नव बाल वाटिका विद्या मन्दिर दोधोधरा , कैलाली**

| | |
| --- | --- |
| १)सुरेन्द्र भूल | १) जानकी कठरिया |
| २) विधान डगौरा | २)पूजन श्रेष्ठ |
| ३) जिगर बि. क. | ३)रोशनी चौधरी |
| ४) रमेश चौधरी | ४) कोकिला चौधरी |
| ५) बविन चौधरी | ५)सनिता चौधरी |

**ख) जि.टि. फार वेस्टन एकेडेमी हरैयाँपुर , कैलाली**

| | |
| --- | --- |
| १) हिम्मत कोइराला | १) मुना आचार्य |
| २)प्रशान्त चौधरी | २)नविना जि. सी |
| ३) आषिक चौधरी | ३)सरिता पाण्डे |
| ४) प्रकाश न्यौपाने | ४)बिमला कोइराला |
| ५)सुरेश चौधरी | ५) किरण कोइराला |

**ग) त्रिशक्ति बाल विद्या मन्दिर प्रतापपुर, कैलाली**

| | |
| --- | --- |
| १)टेकराज न्यौपाने | १) सन्जु चौधरी |
| २) यज्ञराज जोशी | २) गायत्री कुंवर |
| ३) मोहन पाण्डे | ३) सपना रेग्मी |
| ४) महेन्द्र न्यौपाने | ४) पुर्णिमा खत्री |
| ५) माधव आचार्य | ५) सृष्टी चौधरी |

**घ) मातृभूमि एकेडेमी प्रतापपुर , कैलाली**

| | |
|---|---|
| १) सौरभ चन्द | १) रीतु पाण्डे |
| २) सालिन रावल | २) आशा गिरी |
| ३)देवेन्द्र चौलागाई | ३) बिपना चौधरी |
| ४) डिल्ली चौलागाई | ४) रमिता चौधरी |
| ५)निराजन चौधरी | ५) आशा चौधरी |

# परिशिष्ट ख

## निबन्ध लेखनमा उपयोगमा आएका शीर्षकहरू

१. जीवनमा खेलकुदको महत्त्व

२. जीवनमा समयको महत्त्व

# परिशिष्ट ग

## निबन्धको उत्तर पुस्तिका जाँच गर्न निर्माण गरिएको मूल्याङ्कन तालिका

| परिचय | विषयवस्तुको ज्ञान | मौलिकता | भाषिक शुद्धता | जम्मा प्राप्ताङ्क |
|---|---|---|---|---|
| २ | ४ | २ | २ | १० |

# परिशिष्ट ग

## विद्यार्थीहरूबाट प्राप्त उत्तर पुस्तिकाहरू

शीर्षक  जिवनमा खेलकुदको महत्व

5/10

नाम : धर्म राज ढौपाने / विद्यालयको नाम : श्री जाल
कक्षा : सात / देवी माध्यामिक विद्यालय
रोल : २०

→ → → → → → → →

प्रस्तुत रूपमा म आज आफ्नो विद्यालयमा जिवनमा खेलकुदको महत्व भन्ने विषयमा एउटा निबन्ध लेख्दैछु

खेल

खेल भन्नाले हाम्रो जिवनमा शरिरलाई स्वस्थ्य र तन्दुरुस्त राख्न का लागि गरिने क्रियाकलाप लाई भन्ने बुझिन्छ खेल जिवनमा कसैले नहुने एउटा एउटा शारिरिक क्रियाकलाप हो जिनुसके मानिसका खेलकुदको नाम ~~लाई~~ अति आवश्यक छ र यसबाट मानिसलाई विभोकन फुर्तिलो र स्वस्थ बनाउछ। र मानिसलाई विभिन्न रोग बाट निकाल्छ र खेल ले नै मानिसलाई ठुला-ठुला ठाँउमा र आफ्नो ~~इज्जत~~ इज्जत सम्मान को प्राप्त हुन्छ र अहिले मानिस खेलकुद बाट नै ठुला-ठुला काम र विश्वमा विजेता पुगेका छन् 'खेल मानिसलाई धनताको सामु इज्जत को ~~छ~~ उठाउन-चलाउछ अहिले ~~विभिन्न~~ विभिन्न राष्ट्रहरूबिच खेलकुद कार्यक्रम आइरहेको हुन्छ र त्यसमा अरू राष्ट्रहरूले जित र हार गरिरहेको सुनिन्छ।

खेल हाम्रो विद्यालयमा धेरै मात्रामा खेल्छौं र
त्यसमा अन्य विद्यार्थीहरू खेलिरहेका हुन्छन् त्यसले
नै मानिसको शारिरिक व्यायाम कसरत भइरहेको
हुन्छ त्यसकारण मानिसलाई रोग विरुद्ध लड्न
बचाउँछ खेल अनेकौं मानिसको एउटा मेरुदण्ड
हो खेलले मानिसलाई आफ्नो काममा लगाउँछ
मानिसका र हाम्रो देशमा विभिन्न खेल खेल्छौं
जस्तै, बल्लो खेल, दौड, ब्याडमिन्टन, लङजम्प जस्ता
खेल ले नै मानिस विश्व स्तरमा चिनिन जान्छ
र मानिसमा एउटा खेलको प्रतिभा निकाल्छ खेल
खास गरी दुई किसिमका हुन्छन् ति घरमा
खेलीने खेल र ~~[illegible]~~ बाहिर खेलीने खेल
घरमा खेलीने खेल अनेका लुडो, चेस र अन्य
खेल पर्दछन् र बाहिर खेलीने खेल अनेका दौड,
ब्याडमिन्टन, लङजम्प पर्दछन्, र ~~यसले हाम्रो देश~~
यस्ता खेलमा हामी सहभागी हुन पाउनु हामी र
हाम्रो देश को अधिकार हो र हामी यस्तै खेलमा
लागिरहयौं भने हाम्रो देश विकसित हुन जान्छ र
हाम्रो देश नेपाल विभिन्न राष्ट्रहरूमा चिनिन जान्छ
हाम्रो देश नेपाल खेल कुद को राष्ट्र चिनिन्छ यसले
हामी सबै को ध्यान बढ्छ।

हामी। खेलमा लागेमा भने हाम्रो विद्यालय
पनि चिनीँछ जान्छ र हाम्रो स्वास्थ्यमा पनि
विभिन्न रोग ले समात्दैन र हाम्रो देशको पनि
नाम चल्दैन र देशको विकसित हुन ~~[illegible]~~ सक्दैन
त्यसले खेल कुदमा लाग्नु अति आवश्यक छ।

धन्यवाद।

नाम :- रोशनी चौधरी
कक्षा :- ६ (सात)
रोल नं :- १७
स्कूल :- नव बाल बालिका विद्या मन्दिर

5/10

खेलकुदको सबै भन्दा ठूलो उद्देश्य मानसिक, शारीरिक, नैतिक र आत्मिक विकास गर्नु हो। एउटा फुर्तिलो दिमाग कमजोर शरीरमा भेटिदैन। किताबले सोच्ने र जान्ने शक्तिलाई विकास गर्छ। त्यसै गरी खेलकुद पनि सोच्ने र जान्ने शक्तिलाई विकास गर्छ। त्यसैले खेलकुद शिक्षाको आवश्यक भाग हो। खेलकुदले विद्यार्थीलाई नेतृत्व, अनुशासन र अन्य कुरा सिकाउँछ। यदि तिनीहरू यी कुरालाई आज देखी प्रयोग गरे भने तिनीहरू भोलीको एउटा आदर्शको नागरिक बन्छन्।

एउटा पुरानो उखान " स्वास्थ्य नै धन" समान-रूपमा ~~छिक्नै~~ छ। हाम्रो देशमा आज पनि राम्रो खेलकुदको प्रबन्ध गर्न सकेको छैनन्। उनीहरूले धेरै मात्रमा खेलकुदको लागि राशी खर्च गर्नु पर्छ। हाम्रो स्वास्थ्य राम्रो हुनको लागि खेलकुदको पनि आवश्यक पर्छ। खेलकुदले हाम्रो जीवनमा धेरै परिवर्तन ल्याएको छ। एउटा यस्तो व्यक्ति खेलकुद बिना अस्वस्थ छ त्यो आफ्नो जिवनलाई कहिले रमाउन सक्दैन। उसलाई उसको जीवन बोझ ~~लाग्न~~ लाग्न थाल्छ। खेलकुद हाम्रो जिवनमा धेरै आवश्यक छ।

हाम्रो जीवनमा खेलकुदको महत्व इतीनै छ जती शिक्षा, अनुसासन र समयको हुन्छ। हामी खेलकुदबाट धेरै कुरा सिक्न सक्छौ। खेलकुदबाट ज्ञान प्राप्त गर्न कठिन हुन्न। खेलकुदमा सीप चाहिदैन क्षमता र मानसिक दिमाग चाहिन्छ। खेलकुद हाम्रो देशमा मात्र —

नभएर विश्वभर खेलिन्छ। खेलकुद एउटा लामो र चलिरहेको प्रक्रिया हो। खेलकुदले हामीलाई आरामदायी र रमाइलो जीवन बिताउन मद्दत गर्छ। एउटा खेलाडीले मात्र खेलकुदको महत्त्व बुझ्न सक्छ।

आजभोलि खेलकुदको समाग्री हरेक स्कुलमा हुन्छ र प्रतेक स्कुलमा पी खेल हरू खेलाइन्छ। खेलकुद जीवनमा नभई नहुने आधारभुत पक्ष हो। खेलकुदले शरीरलाई स्वास्थ बनाई प्रगतिको कार्य तर्फ अगाडि अग्रसर गराउछ। खेलकुदले आत्मा सुरक्षा पनि गर्दछ। खेलकुदले गर्दा मानिस एउटा खेलाडी भएर गाँउ, समाज गाविस स्तरिय खेलाडी बन्दै एउटा राष्ट्रिय खेलाडी समेत बन्न सफल भएको देखिन्छ। शारीरीक क्रियाकलाप बिनाको शिक्षा अधुरो हुन्छ।

G.T. Far western Acad...
...pur-1, Kail...

६/१०

NAME बिमला कोइराला

CLASS सात (7)

R. NO. दश (10)

SUBJ [illegible]

खेलकुदको महत्व

खेलकुद दुई वटा शब्दबाट निर्माण भएको छ। खेलकुद खेल र कुद शब्दबाट मिलेको छ। खेलकुदको महत्व भन्नाले के बुझिन्छ? खेलकुदको महत्व भन्नाले मानव शरीरका लागि अतिआवश्यक वस्तु हो।

खेलकुदबाट मानिसको शरीर बनेको छ। खेलखेल्नु अतिआवश्यक कुरा हो। खेलकुद खेलेपछि मानिस स्वास्थ्य र फुर्तिलो बन्छ। हामीले समय मिलाएर खेल्नु जरुरी छ। विद्यार्थी जीवनमा खेलकुदको ठूलो महत्व रहेको छ। विद्यार्थी खेलको नाम लिंदै तिनीहरू कुनकुन हुन्छन्। खेल खेल्दा मानिस-मानिस चिनजान हुन्छन्। हामीले कबड्डी, ब्याडमिन्टन, क्रिकेट आदि खेल्नु राम्रो हो। विद्यार्थीले सानै देखि खेलखेल्नु पर्दछ ठूलो खेलाडीहरूका रूपमा पुगिन्छ। विभिन्न खेलाडीहरू खेलकुद [illegible] खेल खेल्न जान्छन्। जस्तै लुडो, आदि हो। आज खेलकुद क्षेत्रले अन्तर्राष्ट्रिय क्षेत्रमा पुर्‍याएको छ। विद्यार्थीले नै खेलखेलेपछि विश्वमा नाम चलाउन सक्छन्। खेलकुदबाट मानिसहरू खेलाडी बन्न सक्छन्।

खेल खेल्दा हामीले नियम अनुसार खेल्नुपर्छ । नियम मिलाएर
खेल्दा राम्रो हुन्छ्का साथै मानिसहरुको शरीर स्वास्थ्य हुन्छ ।
खेल खेल्दा अगाडि हारजितको छलफल गर्नुपर्छ । हामीले
खेल जितेर खुसी धाक्की दिनुहुँदैन । हामीले खेल खेल्दा
कुनै झगडा गर्नुहुँदैन । खेल खेल्दा जित्नै पर्छ भन्ने भावना
लिनु हुँदैन । खेल खेल्दा हामीले मिलेर खेल्नुपर्छ ।
अरु साथीलाई पनि पालो दिनुपर्छ । हामीले खेल्दा [illegible]
झै झगडा गरेपछि फाइदा हुँदैन ।

# व्यक्तिगत विवरण



नाम : झनकप्रसाद न्यौपाने

जन्ममिति : २०४३/०४/२१

बुवाको नाम : स्व.जगनाथ न्यौपाने

आमाको नाम : धर्मादेवी न्यौपाने

लिङ्ग : पुरूष

वैवाहिक स्थिति : अविवाहित

नागरिकता : नेपाली

भाषा : नेपाली, थारु, हिन्दी, अङ्ग्रेजी

स्थायी ठेगाना : प्रतापपुर-६, कैलाली

सर्म्पक नं. : ९८४८४४३१०७

धर्म : हिन्दु

पेसा : शिक्षण

## शैक्षिक योग्यता

| क.सं. | तह | उत्तीर्ण वर्ष | शिक्षण संस्थाको नाम |
|---|---|---|---|
| १ | एस.एल.सी. | २०६० | श्री सरस्वती मा.वि.प्रतापपुर, कैलाली |
| २ | आइ.एड् | २०६३ | श्री रघुनाथ आदर्श उ.मा.वि.बौंनिया, कैलाली |
| ३ | बी.एड. | २०६६ | त्रि.वि. (टीकापुर बहुमुखी क्याम्पस टीकापुर, कैलाली) |
| ४ | एम.एड. | २०७१ | त्रि.वि. (टीकापुर बहुमुखी क्याम्पस टीकापुर, कैलाली) |